# <u>विधेयकमा प्राप्त संशोधन प्रस्तावहरु</u>

(प्रतिनिधि सभा नियमावली, २०७५ को नियम ११३ सँग सम्बन्धित)

विधेयकको नामः **बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयक, २०७९**

प्रस्तुतकर्ताः सम्माननीय प्रधानमन्त्री तथा विभागीय मन्त्री कानून, न्याय तथा संसदीय मामिला श्री पुष्पकमल दाहाल 'प्रचण्ड' ।

**<u>संशोधन प्रस्ताव प्रस्तुतकर्ता माननीय सदस्य (दर्ताक्रम अनुसार)</u>:**

| द.नं. | माननीय सदस्यको नाम, थर |
|---|---|
| १. | मा. श्री मैना कार्की |
| २. | मा. श्री चित्र बहादुर के.सी. |
| ३. | मा. श्री गोकुल प्रसाद बाँस्कोटा |
| ४. | मा. श्री ज्ञान बहादुर शाही |
| ५. | मा. श्री दिपक सिंह |
| ६. | मा. श्री रघुजी पन्त |
| ७. | मा. श्री राजेन्द्र प्रसाद पाण्डे |
| ८. | मा. श्री अम्मर बहादुर थापा |
| ९. | मा. श्री प्रेम सुवाल |
| १०. | मा. श्री महेश कुमार बर्तौला, मा. श्री विद्या भट्टराई, मा. श्री दामोदर बैरागी |
| ११. | मा. श्री गणेश पराजुली |
| १२. | मा. श्री लक्ष्मी तिवारी |
| १३. | मा. श्री मेटमणी चौधरी, मा. श्री भानुभक्त जोशी |
| १४. | मा. श्री प्रकाश ज्वाला |
| १५. | मा. श्री पदम गिरी |

| | |
|---|---|
| १६. | मा. श्री भगवती चौधरी |
| १७. | मा. श्री अशोक कुमार चौधरी |
| १८. | मा. श्री गगन कुमार थापा |
| १९. | मा. श्री प्रदिप पौडेल |
| १९क. | मा. श्री अर्जुननरसिंह के.सी. |
| २०. | मा. श्री राम प्रकाश चौधरी |
| २१. | मा. श्री प्रदिप यादव |
| २२. | मा. श्री रेखा यादव |
| २३. | मा. श्री संजय कुमार गौतम, मा. श्री राजेन्द्र कुमार के.सी. |
| २४. | मा. श्री विनिता कुमारी सिंह |
| २५. | मा. श्री भानुभक्त जोशी |
| २६. | मा. श्री पूर्ण बहादुर घर्ति |
| २७. | मा. श्री हित बहादुर तामाङ |
| २८. | मा. श्री रुपा सो.सी. (चौधरी) |

**संशोधनको विवरणः**

| क्र.स. | संशोधन प्रस्तुतकर्ता | विधेयकको | | संशोधनको व्यहोरा |
|---|---|---|---|---|
| | | दफा | उपदफा | |
| १. | मा. श्री चित्र बहादुर के.सी. | प्रस्तावना | | - मूल ऐनको प्रस्तावनामा उल्लेखित “गम्भीर अपराधमा संलग्न व्यक्तिलाई” भन्ने शब्दपछि "अभियोजनका लागि" भन्ने शब्दहरु थप्नु पर्ने । |

| | | | |
|---|---|---|---|
| २. | मा. श्री प्रेम सुवाल | प्रस्तावना | - प्रस्तावनाको शुरुमा "हत्या, वलात्कार, यातना र वेपत्ता सम्बन्धी घटनालाई पीडितको सहमति भए पनि पीडकलाई माफी नहुने र कानुन बमोजिम सजाय हुने भएकोले" भन्ने शब्दहरु थप्नुपर्ने । |
| ३. | मा. श्री रुपा सो.सी. (चौधरी) | प्रस्तावना | - प्रस्तावनाको पहिलो अनुच्छेदको चौथो हरफ र दोस्रो अनुच्छेदको दोस्रो हरफमा उल्लेख गरिएको "मानवताविरुद्धको अपराध" भन्ने शब्दहरु हटाउनु पर्ने । |
| ४. | मा. श्री चित्र बहादुर के.सी. | २ | - उपदफा (१) मा रहेको "मानव अधिकारको उल्लंघन वा" भन्ने शब्दहरु हटाउनु पर्ने ।<br>- उपदफा (२) मा रहेको "मानव अधिकारको उल्लंघन वा" भन्ने शब्दहरु हटाउनु पर्ने ।<br>- मूल ऐनको दफा २ को खण्ड (ञ)(१) मा रहेको "हत्या" भन्ने शब्दपछि " तथा क्रुर यातना दिइ वा निर्ममतापूर्वक ज्यान मारेको" भन्ने शब्दहरु थप्नु पर्ने साथै (५) मा रहेको शारीरिक वा मानसिक यातनाभन्दा अगाडि "अमानवीय तथा क्रुरतापूर्वक दिएको" भन्ने शब्दहरु थप्नु पर्ने ।<br>- विधेयकको दफा २ को खण्ड (४) र (५) तथा ती खण्डसँग सम्बन्धित उपखण्ड पुरै हटाउनु पर्ने ।<br>- विधेयकको विभिन्न दफामा ठाउँ-ठाउँमा प्रयोग भएका "मानव अधिकारको उल्लंघन" भन्ने शब्दहरु हटाउनु पर्ने ।<br>- विधेयकको दफा २ को उपदफा (६) लाई हटाई त्यसको ठाउँमा मूल ऐनको दफा २ को खण्ड (ट) को उपखण्ड (१) र (२) कायम राख्नु पर्ने । |
| ५. | मा. श्री प्रदिप पौडेल | २ | - उपदफा (१) मा "मानव अधिकारको गम्भीर उल्लंघन" मात्र राख्नु पर्ने । "मानव अधिकारको उल्लंघन" भन्ने शब्दहरु हटाउनु पर्ने । |
| ६. | मा. श्री गोकुल प्रसाद बाँस्कोटा | २ | <u>उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्नु पर्ने,-</u><br>"खण्ड (ज) मा रहेका "मृत्यु भएको" भन्ने शब्दहरूपछि "वा बेपत्ता पारिएको" भन्ने शब्दहरू र "थुनामा रहेको व्यक्ति" भन्ने शब्दहरूपछि "सशस्त्र द्वन्द्वको समयमा राखिएका बारुदी सुरुङ (ल्याण्ड माइन) र विष्फोटक पदार्थको विष्फोटनमा परी मृत्यु भएका, शारीरिक तथा मानसिक रूपमा हानि नोक्सानी पुगेको व्यक्ति" राखी सोही खण्डको ठाउँ-ठाउँमा रहेका |

| | | | |
|---|---|---|---|
| | | | “मानवअधिकारको गम्भीर उल्लंघनको” भन्ने शब्दहरूको सट्टा “मानवअधिकारको उल्लंघन वा मानवअधिकारको गम्भीर उल्लंघनको” भन्ने शब्दहरू राखिएका छन् ।" |
| ७. | मा. श्री रघुजी पन्त | २ | उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्नु पर्ने,-<br>"खण्ड (ज) मा रहेका “मृत्यु भएको” भन्ने शब्दहरूपछि “वा बेपत्ता पारिएको” भन्ने शब्दहरू र “थुनामा रहेको व्यक्ति” भन्ने शब्दहरूपछि “सशस्त्र द्वन्द्वको समयमा राखिएका बारुदी सुरुङ (ल्याण्ड माइन) र विष्फोटक पदार्थको विष्फोटनमा परी मृत्यु भएका, शारीरिक तथा मानसिक रूपमा हानि नोक्सानी पुगेको व्यक्ति” राखी सोही खण्डको ठाउँ-ठाउँमा रहेका “मानवअधिकारको गम्भीर उल्लंघनको” भन्ने शब्दहरूको सट्टा “मानवअधिकारको उल्लंघन वा मानवअधिकारको गम्भीर उल्लंघनको” भन्ने शब्दहरू राखिएका छन् ।" |
| ८. | मा. श्री महेश कुमार बर्तौला,<br>मा. श्री विद्या भट्टराई,<br>मा. श्री दामोदर बैरागी | २ | उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्नु पर्ने,-<br>"खण्ड (ज) मा रहेका “मृत्यु भएको” भन्ने शब्दहरूपछि “वा बेपत्ता पारिएको” भन्ने शब्दहरू र “थुनामा रहेको व्यक्ति” भन्ने शब्दहरूपछि “सशस्त्र द्वन्द्वको समयमा राखिएका बारुदी सुरुङ (ल्याण्ड माइन) र विष्फोटक पदार्थको विष्फोटनमा परी मृत्यु भएका, शारीरिक तथा मानसिक रूपमा हानि नोक्सानी पुगेको व्यक्ति” राखी सोही खण्डको ठाउँ-ठाउँमा रहेका “मानवअधिकारको गम्भीर उल्लंघनको” भन्ने शब्दहरूको सट्टा “मानवअधिकारको उल्लंघन वा मानवअधिकारको गम्भीर उल्लंघनको” भन्ने शब्दहरू राखिएका छन् ।" |
| ९. | मा. श्री रघुजी पन्त | २ | उपदफा (३) को सट्टा देहायको उपदफा (३) राख्नु पर्ने,-<br>"(३) खण्ड (झ) को सट्टा देहायको खण्ड (झ) राखिएको छः-<br>"(झ) "मन्त्रालय" भन्नाले नेपाल सरकारको गृह मन्त्रालय सम्झनु पर्दछ ।" |
| १०. | मा. श्री गोकुल प्रसाद बाँस्कोटा | २ | उपदफा (४) को सट्टा देहायको उपदफा (४) राख्नु पर्ने,-<br>"(४) खण्ड (ञ) को सट्टा देहायको खण्ड (ञ) राखिएको छः-<br>(ञ) “मानवअधिकारको उल्लंघन” भन्नाले सशस्त्र द्वन्द्वको क्रममा अन्तर्राष्ट्रिय मानवअधिकार कानुन तथा अन्तर्राष्ट्रिय मानवीय कानुन विपरित द्वन्द्वरत पक्षबाट गरिएको देहायको कुनै कार्य सम्झनु पर्छः- |

| | | | |
|---|---|---|---|
| | | | (१) अपहरण तथा शरीर बन्धक बनाउने,<br>(२) गैरकानुनी थुनामा राख्ने,<br>(३) कुटपीट गर्ने,<br>(४) व्यक्तिगत वा सार्वजनिक सम्पत्ति लुटपाट, कब्जा, तोडफोड वा आगजनी गर्ने,<br>(५) घरजग्गाबाट जबर्जस्ती निकाला वा अन्य कुनै किसिमबाट विस्थापन गर्ने,<br>(६) बाल सेनाको प्रयोग गर्ने, वा<br>(७) अन्तर्राष्ट्रिय मानवअधिकार वा मानवीय कानुन विपरीत गरिएका अन्य अमानवीय कार्य ।" |
| ११. | मा. श्री हित बहादुर तामाङ | २ | खण्ड (ञ) को सट्टामा खण्ड (ञ१)१ मा उल्लेखित बाहेक अन्य अवस्थामा ज्यान जाने गरी भएको कार्य भन्ने बाक्य राख्नु पर्ने । |
| १२. | मा. श्री रघुजी पन्त | २ | <u>उपदफा (४) को सट्टा देहायको उपदफा (४) राख्नु पर्ने</u>,-<br>"(४) खण्ड (ञ) को सट्टा देहायको खण्ड (ञ) राखिएको छः-<br>(ञ) "मानवअधिकारको उल्लंघन" भन्नाले सशस्त्र द्वन्द्वको क्रममा अन्तर्राष्ट्रिय मानवअधिकार कानुन तथा अन्तर्राष्ट्रिय मानवीय कानुन विपरित द्वन्द्वरत पक्षबाट गरिएको देहायको कुनै कार्य सम्झनु पर्छः-<br>(१) अपहरण तथा शरीर बन्धक बनाउने,<br>(२) गैरकानुनी थुनामा राख्ने,<br>(३) कुटपीट गर्ने,<br>(४) व्यक्तिगत वा सार्वजनिक सम्पत्ति लुटपाट, कब्जा, तोडफोड वा आगजनी गर्ने,<br>(५) घरजग्गाबाट जबर्जस्ती निकाला वा अन्य कुनै किसिमबाट विस्थापन गर्ने,<br>(६) बाल सेनाको प्रयोग गर्ने, वा<br>(७) अन्तर्राष्ट्रिय मानवअधिकार वा मानवीय कानुन विपरीत गरिएका अन्य जुन सुकै अमानवीय कार्य ।" |
| १३. | मा. श्री राजेन्द्र प्रसाद पाण्डे | २ | उपदफा (४) अन्तर्गत व्यवस्था गरिएको खण्ड (ञ) को उपखण्ड (२) हटाउनु पर्ने । |

| | | | |
|---|---|---|---|
| १४. | मा. श्री अम्मर बहादुर थापा | २ | उपदफा (४) अन्तर्गत व्यवस्था गरिएको खण्ड (ञ) को उपखण्ड (२) हटाउनु पर्ने । |
| १५. | मा. श्री मेटमणी चौधरी,<br>मा. श्री भानुभक्त जोशी | २ | उपदफा (४) अन्तर्गत व्यवस्था गरिएको खण्ड (ञ) को उपखण्ड (२) हटाउनु पर्ने । |
| १६. | मा. श्री प्रकाश ज्वाला | २ | उपदफा (४) अन्तर्गत व्यवस्था गरिएको खण्ड (ञ) को उपखण्ड (२) हटाउनु पर्ने । |
| १७. | मा. श्री महेश कुमार बर्तौला,<br>मा. श्री विद्या भट्टराई,<br>मा. श्री दामोदर बैरागी | २ | उपदफा (४) को सट्टा देहायको उपदफा (४) राख्नु पर्ने,-<br>"(४) खण्ड (ञ) को सट्टा देहायको खण्ड (ञ) राखिएको छः-<br>(ञ) "मानवअधिकारको उल्लंघन" भन्नाले देहायको सशस्त्र द्वन्द्वको क्रममा द्वन्द्वरत पक्षले गरेको कुनै एक वा एकभन्दा बढी कार्य सम्झनु पर्छः-<br>(१) दोहोरो भिडन्तको क्रममा भएको मृत्यु,<br>(२) यौनजन्य हिंसा,<br>(३) शारीरिक वा मानसिक यातना,<br>(४) अपहरण तथा शरीर बन्धक बनाउने,<br>(५) गैरकानूनी थुनामा राख्ने,<br>(६) कुटपीट गर्ने, अङ्गभङ्ग वा अपाङ्ग बनाउने,<br>(७) व्यक्तिगत वा सार्वजनिक सम्पत्ति लुटपाट, कब्जा, तोडफोड वा आगजनी गर्ने,<br>(८) घरजग्गाबाट जबर्जस्ती निकाला वा अन्य कुनै किसिमबाट विस्थापन गर्ने,<br>(९) बाल सेनाको प्रयोग गर्ने, वा<br>(१०) अन्तर्राष्ट्रिय मानवअधिकार वा मानवीय कानुन विपरीत गरिएका अमानवीय कार्य र मानव अधिकारको गम्भीर उल्लङ्घनमा समावेश भएदेखि बाहेकका अन्य सबै अनुचित र अमानवीय अन्य कार्य।" |
| १८. | मा. श्री गणेश पराजुली | २ | उपदफा (४) को सट्टा देहायको उपदफा (४) राख्नु पर्ने,-<br>"(४) खण्ड (ञ) को सट्टा देहायको खण्ड (ञ) राखिएको छः-<br>(ञ) "मानवअधिकारको उल्लंघन" भन्नाले सशस्त्र द्वन्द्वको क्रममा निशस्त्र व्यक्ति वा |

| | | | |
|---|---|---|---|
| | | | जनसमुदायविरुद्ध लक्षित गरी वा योजनाबद्ध रुपमा गरिएको देहायको कुनै कार्य सम्झनु पर्दछ:-<br>(१) यौनजन्य हिंसा,<br>(२) शारीरिक वा मानसिक यातना,<br>(३) अपहरण तथा शरीर बन्धक बनाउने,<br>(४) गैरकानूनी थुनामा राख्ने,<br>(५) कुटपीट गर्ने, अङ्गभङ्ग वा अपाङ्ग बनाउने,<br>(६) व्यक्तिगत वा सार्वजनिक सम्पत्ति लुटपाट, कब्जा, तोडफोड वा आगजनी गर्ने,<br>(७) घरजग्गाबाट जबर्जस्ती निकाला वा अन्य कुनै किसिमबाट विस्थापन गर्ने ।" |
| १९. | मा. श्री लक्ष्मी तिवारी | २ | उपदफा (४) को सट्टा देहायको उपदफा (४) राख्नु पर्ने,-<br>"(४) खण्ड (ञ) को सट्टा देहायको खण्ड (ञ) राखिएको छ:-<br>(ञ) "मानवअधिकारको उल्लंघन" भन्नाले सशस्त्र द्वन्द्वको क्रममा अन्तर्राष्ट्रिय मानवअधिकार कानुन तथा अन्तर्राष्ट्रिय मानवीय कानुन विपरित द्वन्द्वरत पक्षबाट गरिएको देहायको कुनै कार्य सम्झनु पर्छ:-<br>(१) शरीर बन्धक बनाउने,<br>(२) गैरकानुनी थुनामा राख्ने,<br>(३) कुटपीट गर्ने,<br>(४) व्यक्तिगत वा सार्वजनिक सम्पत्ति लुटपाट, कब्जा, तोडफोड वा आगजनी गर्ने,<br>(५) घरजग्गाबाट जबर्जस्ती निकाला,<br>(६) अन्तर्राष्ट्रिय मानवअधिकार वा मानवीय कानुन विपरीत अन्य कार्य ।"<br>यस्ता प्रकृतिका कार्यमा मेलमिलाप गर्न सकिने । |
| २०. | मा. श्री भगवती चौधरी | २ | उपदफा (४) को सट्टा देहायको उपदफा (४) राख्नु पर्ने,-<br>"(४) खण्ड (ञ) को सट्टा देहायको खण्ड (ञ) राखिएको छ:-<br>(ञ) "मानवअधिकारको उल्लंघन" भन्नाले सशस्त्र द्वन्द्वको क्रममा सशस्त्र द्वन्द्वका पक्षबाट |

| | | | |
|---|---|---|---|
| | | | गरिएको देहायको कुनै कार्य सम्झनु पर्दछः-<br>(१) अपहरण तथा शरीर बन्धक,<br>(२) अङ्गभङ्ग वा अपाङ्ग बनाउने,<br>(३) व्यक्तिगत वा सार्वजनिक सम्पत्ति लुटपाट, कब्जा, तोडफोड वा आगजनी गर्ने,<br>(४) घरजग्गाबाट जबरजस्ति निकाला वा अन्य कुनै किसिमबाट विस्थापन गर्ने, वा<br>(५) अन्तर्राष्ट्रिय मानव अधिकार वा मानवीय कानून विपरीत गरिएका जुनसुकै कार्य ।" |
| २१. | मा. श्री अशोक कुमार चौधरी | २ | उपदफा (४) को सट्टा देहायको उपदफा (४) राख्नु पर्ने,-<br>"(४) खण्ड (ञ) को सट्टा देहायको खण्ड (ञ) राखिएको छः-<br>(ञ) "मानवअधिकारको उल्लंघन" भन्नाले सशस्त्र द्वन्द्वको क्रममा सशस्त्र द्वन्द्वको क्रममा अन्तर्राष्ट्रिय मानवअधिकार कानुन विपरित गरिएका जुनसुकै कार्य सम्झनु पर्दछः- |
| २२. | मा. श्री गगन कुमार थापा | २ | उपदफा (४) को सट्टा देहायको उपदफा (४) राख्नेः-<br>(४) खण्ड (ञ) को सट्टा देहायको खण्ड (ञ) राखिएको छः-<br>(ञ) "मानव अधिकारको उल्लङ्घन" भन्नाले सशस्त्र द्वन्द्वको क्रममा निःशस्त्र व्यक्ति वा जनसमुदायविरुद्ध लक्षित गरी वा योजनावद्ध रुपमा गरिएको देहायको कुनै कार्य सम्झनु पर्छः-<br>(१) अपहरण तथा शरीर बन्धक बनाउने,<br>(२) गैरकानूनी थुनामा राख्ने,<br>(३) कुटपीट गर्ने, अङ्गभङ्ग वा अपाङ्ग बनाउने,<br>(४) व्यक्तिगत वा सार्वजनिक सम्पत्ति लुटपाट, कब्जा, तोडफोड वा आगजनी गर्ने,<br>(५) घरजग्गाबाट जबर्जस्ती निकाला वा अन्य कुनै किसिमबाट विस्थापन गर्ने<br>(६) अन्तर्राष्ट्रिय मानव अधिकार कानून तथा अन्तर्राष्ट्रिय मानवीय कानून विपरित गरिएका जुनसुकै कार्य"। |

| | | | |
|---|---|---|---|
| २३. | मा. श्री राम प्रकाश चौधरी | २ | उपदफा (४) को सट्टा देहायको उपदफा (४) राख्नेः-<br>(४) खण्ड (ञ) को सट्टा देहायको खण्ड (ञ) राखिएको छः-<br>(ञ) "मानव अधिकारको उल्लङ्घन" भन्नाले सशस्त्र द्वन्द्वको क्रममा भएको देहायको कुनै कार्य सम्झनु पर्छः-<br>(१) अपहरण तथा शरीर बन्धक बनाउने,<br>(२) गैरकानूनी थुनामा राख्ने,<br>(३) कुटपीट गर्ने, अङ्गभङ्ग वा अपाङ्ग बनाउने,<br>(४) व्यक्तिगत वा सार्वजनिक सम्पत्ति लुटपाट, कब्जा, तोडफोड वा आगजनी गर्ने,<br>(५) घरजग्गाबाट जबर्जस्ती निकाला वा अन्य कुनै किसिमबाट विस्थापन गर्ने<br>(६) अन्तर्राष्ट्रिय मानव अधिकार कानून तथा अन्तर्राष्ट्रिय मानवीय कानून विपरित गरिएका जुनसुकै कार्य"। |
| २४. | मा. श्री प्रदिप यादव | २ | उपदफा (४) को सट्टा देहायको उपदफा (४) राख्नेः-<br>(४) खण्ड (ञ) को सट्टा देहायको खण्ड (ञ) राखिएको छः-<br>(ञ) "मानव अधिकारको उल्लङ्घन" भन्नाले सशस्त्र द्वन्द्वको क्रममा भएको देहायको कुनै कार्य सम्झनु पर्छः-<br>(१) अपहरण तथा शरीर बन्धक बनाउने,<br>(२) गैरकानूनी थुनामा राख्ने,<br>(३) कुटपीट गर्ने, अङ्गभङ्ग वा अपाङ्ग बनाउने,<br>(४) व्यक्तिगत वा सार्वजनिक सम्पत्ति लुटपाट, कब्जा, तोडफोड वा आगजनी गर्ने,<br>(५) घरजग्गाबाट जबर्जस्ती निकाला वा अन्य कुनै किसिमबाट विस्थापन गर्ने<br>(६) अन्तर्राष्ट्रिय मानव अधिकार कानून तथा अन्तर्राष्ट्रिय मानवीय कानून विपरित गरिएका जुनसुकै कार्य"। |
| २५. | मा. श्री रेखा यादव | २ | उपदफा (४) को सट्टा देहायको उपदफा (४) राख्नेः-<br>(४) खण्ड (ञ) को सट्टा देहायको खण्ड (ञ) राखिएको छः- |

| | | | |
|---|---|---|---|
| | | | (ञ) "मानव अधिकारको उल्लङ्घन" भन्नाले सशस्त्र द्वन्द्वको क्रममा भएको देहायको कुनै कार्य सम्झनु पर्छः-<br>(१) अपहरण तथा शरीर बन्धक बनाउने,<br>(२) गैरकानूनी थुनामा राख्ने,<br>(३) कुटपीट गर्ने, अङ्गभङ्ग वा अपाङ्ग बनाउने,<br>(४) व्यक्तिगत वा सार्वजनिक सम्पत्ति लुटपाट, कब्जा, तोडफोड वा आगजनी गर्ने,<br>(५) घरजग्गाबाट जबर्जस्ती निकाला वा अन्य कुनै किसिमबाट विस्थापन गर्ने<br>(६) अन्तर्राष्ट्रिय मानव अधिकार कानून तथा अन्तर्राष्ट्रिय मानवीय कानून विपरित गरिएका जुनसुकै कार्य"। |
| २६. | मा. श्री संजय कुमार गौतम,<br>मा. श्री राजेन्द्र कुमार के.सी. | २ | उपदफा (४) को सट्टा देहायको उपदफा (४) राख्नेः-<br>(४) खण्ड (ञ) को सट्टा देहायको खण्ड (ञ) राखिएको छः-<br>(ञ) "मानव अधिकारको उल्लङ्घन" भन्नाले सशस्त्र द्वन्द्वको क्रममा भएको देहायको कुनै कार्य सम्झनु पर्छः-<br>(१) अपहरण तथा शरीर बन्धक बनाउने,<br>(२) गैरकानूनी थुनामा राख्ने,<br>(३) कुटपीट गर्ने, अङ्गभङ्ग वा अपाङ्ग बनाउने,<br>(४) व्यक्तिगत वा सार्वजनिक सम्पत्ति लुटपाट, कब्जा, तोडफोड वा आगजनी गर्ने,<br>(५) घरजग्गाबाट जबर्जस्ती निकाला वा अन्य कुनै किसिमबाट विस्थापन गर्ने<br>(६) अन्तर्राष्ट्रिय मानव अधिकार कानून तथा अन्तर्राष्ट्रिय मानवीय कानून विपरित गरिएका जुनसुकै कार्य"। |
| २७. | मा. श्री विनिता कुमारी सिंह | २ | उपदफा (४) को सट्टा देहायको उपदफा (४) राख्नेः-<br>(४) खण्ड (ञ) को सट्टा देहायको खण्ड (ञ) राखिएको छः-<br>(ञ) "मानव अधिकारको उल्लङ्घन" भन्नाले सशस्त्र द्वन्द्वको क्रममा भएको देहायको कुनै कार्य सम्झनु पर्छः- |

| | | | |
|---|---|---|---|
| | | | (१) अपहरण तथा शरीर बन्धक बनाउने,<br>(२) गैरकानूनी थुनामा राख्ने,<br>(३) कुटपीट गर्ने, अङ्गभङ्ग वा अपाङ्ग बनाउने,<br>(४) व्यक्तिगत वा सार्वजनिक सम्पत्ति लुटपाट, कब्जा, तोडफोड वा आगजनी गर्ने,<br>(५) घरजग्गाबाट जबर्जस्ती निकाला वा अन्य कुनै किसिमबाट विस्थापन गर्ने<br>(६) अन्तर्राष्ट्रिय मानव अधिकार कानून तथा अन्तर्राष्ट्रिय मानवीय कानून विपरित गरिएका जुनसुकै कार्य"। |
| २८. | मा. श्री भानुभक्त जोशी | २ | उपदफा (४) को सट्टा देहायको उपदफा (४) राख्नेः-<br>(४) खण्ड (ञ) को सट्टा देहायको खण्ड (ञ) राखिएको छः-<br>(ञ) "मानव अधिकारको उल्लङ्घन" भन्नाले सशस्त्र द्वन्द्वको क्रममा भएको देहायको कुनै कार्य सम्झनु पर्छः-<br>(१) अपहरण तथा शरीर बन्धक बनाउने,<br>(२) गैरकानूनी थुनामा राख्ने,<br>(३) कुटपीट गर्ने, अङ्गभङ्ग वा अपाङ्ग बनाउने,<br>(४) व्यक्तिगत वा सार्वजनिक सम्पत्ति लुटपाट, कब्जा, तोडफोड वा आगजनी गर्ने,<br>(५) घरजग्गाबाट जबर्जस्ती निकाला वा अन्य कुनै किसिमबाट विस्थापन गर्ने<br>(६) अन्तर्राष्ट्रिय मानव अधिकार कानून तथा अन्तर्राष्ट्रिय मानवीय कानून विपरित गरिएका जुनसुकै कार्य"। |
| २९. | मा. श्री रुपा सो.सी. (चौधरी) | २ | उपदफा (४) मा रहेको खण्ड (ञ) को सट्टा देहायको खण्ड (ञ) राख्नु पर्ने,-<br>"(ञ) मानव अधिकारको उल्लंघन भन्नाले सशस्त्र द्वन्द्वको क्रममा निशस्त्र व्यक्ति वा जनसमुदायविरुद्ध लक्षित गरिएको खण्ड (ञ१) को उपखण्ड (१) मा उल्लिखित कार्य बाहेकका मानव अधिकारको उल्लंघन कार्य सम्झनु पर्दछ ।" |
| ३०. | मा. श्री प्रदिप पौडेल | २ | संशोधन गर्न आवश्यक नभएकाले उपदफा (४) हटाउनु पर्ने । |
| ३१. | मा. श्री गोकुल प्रसाद | २ | <u>उपदफा (५) को सट्टा देहायको उपदफा (५) राख्नु पर्ने</u>,- |

| | | | |
|---|---|---|---|
| | बाँस्कोटा | | "(५) खण्ड (ज) पछि देहायको खण्ड (ज१) थपिएको छः-<br>"(ज१) "मानवअधिकारको गम्भीर उल्लंघन" भन्नाले अन्तर्राष्ट्रिय मानवअधिकार कानुन तथा अन्तर्राष्ट्रिय मानवीय कानुन विपरित द्वन्द्वरत पक्षबाट गरिएको देहायको कनै कार्य सम्झनु पर्छः-<br>(१) निःशस्त्र व्यक्ति तथा नियन्त्रणमा लिइएको जुनसुकै व्यक्तिको हत्या,<br>(२) बलात्कार तथा गम्भीर प्रकृतिका यौन हिंसा,<br>(३) जबर्जस्ती व्यक्ति बेपत्ता पार्ने कार्य,<br>(४) यातना, अङ्गभङ्ग वा अपाङ्ग बनाउने कार्य,<br>(५) मानवता विरुद्धको अपराध<br>(६) युद्ध अपराध" |
| ३२. | मा. श्री रघुजी पन्त | २ | <u>उपदफा (५) को सट्टा देहायको उपदफा (५) राख्नु पर्ने,</u>-<br>"(५) खण्ड (ज) पछि देहायको खण्ड (ज१) थपिएको छः-<br>"(ज१) "मानवअधिकारको गम्भीर उल्लंघन" भन्नाले अन्तर्राष्ट्रिय मानवअधिकार कानुन तथा अन्तर्राष्ट्रिय मानवीय कानुन विपरित द्वन्द्वरत पक्षबाट गरिएको देहायको कनै कार्य सम्झनु पर्छः-<br>(१) निःशस्त्र व्यक्ति तथा नियन्त्रणमा लिइएको जुनसुकै व्यक्तिको हत्या,<br>(२) बलात्कार तथा गम्भीर प्रकृतिका यौन हिंसा,<br>(३) जबर्जस्ती व्यक्ति बेपत्ता पार्ने कार्य,<br>(४) यातना, अङ्गभङ्ग वा अपाङ्ग बनाउने कार्य,<br>(५) मानवता विरुद्धको अपराध<br>(६) युद्ध अपराध"<br>**<u>स्पष्टीकरण</u>**ः यस ऐनमा मानवताविरुद्धको अपराध र युद्ध अपराध भन्नाले अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान, १९९८ को धारा ७ र ८ मा परिभाषित मानवताविरुद्धको अपराध र युद्ध अपराध तथा "यातना" भन्नाले नेपाल पक्ष भएको |

| | | | |
|---|---|---|---|
| | | | यातनाविरुद्धको महासन्धिको धारा १ मा परिभाषित यातनालाई सम्झनु पर्दछ ।" |
| ३३. | मा. श्री राजेन्द्र प्रसाद पाण्डे | २ | उपदफा (५) अन्तर्गत खण्ड (ञ) पछि थप्न प्रस्ताव गरिएको खण्ड (ञ१) को उपखण्ड (४) पछि देहायको उपखण्ड (५) थप्नु पर्नेः-<br>"(५) युद्धमा बालबालिकाको प्रयोग ।" |
| ३४. | मा. श्री अम्मर बहादुर थापा | २ | उपदफा (५) अन्तर्गत खण्ड (ञ) पछि थप्न प्रस्ताव गरिएको खण्ड (ञ१) को उपखण्ड (४) पछि देहायको उपखण्ड (५) थप्नु पर्नेः-<br>"(५) युद्धमा बालबालिकाको प्रयोग ।" |
| ३५. | मा. श्री मेटमणी चौधरी,<br>मा. श्री भानुभक्त जोशी | २ | उपदफा (५) अन्तर्गत खण्ड (ञ) पछि थप्न प्रस्ताव गरिएको खण्ड (ञ१) को उपखण्ड (४) पछि देहायको उपखण्ड (५) थप्नु पर्नेः-<br>"(५) युद्धमा बालबालिकाको प्रयोग ।" |
| ३६. | मा. श्री प्रकाश ज्वाला | २ | उपदफा (५) अन्तर्गत खण्ड (ञ) पछि थप्न प्रस्ताव गरिएको खण्ड (ञ१) को उपखण्ड (४) पछि देहायको उपखण्ड (५) थप्नु पर्नेः-<br>"(५) युद्धमा बालबालिकाको प्रयोग ।" |
| ३७. | मा. श्री महेश कुमार बतौंला,<br>मा. श्री विद्या भट्टराई,<br>मा. श्री दामोदर बैरागी | २ | उपदफा (५) को सट्टा देहायको उपदफा (५) राख्नु पर्ने,-<br>"(५) खण्ड (ञ) पछि देहायको खण्ड (ञ१) थपिएको छः-<br>(ञ१) "मानवअधिकारको गम्भीर उल्लंघन" भन्नाले सशस्त्र द्वन्द्वको क्रममा द्वन्द्वरत पक्षले गरेको देहायको कुनै एक वा एकभन्दा बढी कार्य सम्झनु पर्छः-<br>(१) क्रुर यातना दिई वा निर्ममतापूर्वक ज्यान मारेको,<br>(२) जबरजस्ती करणी तथा गम्भीर प्रकृतिका यौनजन्य हिंसा,<br>(३) व्यक्ति बेपत्ता पार्ने कार्य,<br>(४) अमानविय वा क्रुरतापूर्वक दिएको यातना,<br>(५) निशष्त्र व्यक्ति तथा नियन्त्रणमा लिइएको जुन सुकै व्यक्तिको हत्या वा दोहोरो भिडन्तमा भएको मृत्यु बाहेकको अन्य सबै प्रकारको हत्या,<br>(६) मानवता विरुद्धको अपराध, |

| | | | |
|---|---|---|---|
| | | | (७) निशस्त्र व्यक्तिको सामूहिक नरसंहार ।" |
| ३८. | मा. श्री पदम गिरी | २ | उपदफा (५) को सट्टा देहायको उपदफा (५) राख्नु पर्ने,-<br>"(५) खण्ड (ज) पछि देहायको खण्ड (ज१) थपिएको छः-<br>(ज१) "मानवअधिकारको गम्भीर उल्लंघन" भन्नाले सशस्त्र द्वन्द्वको क्रममा द्वन्द्वरत पक्षले गरेको देहायको कुनै एक वा एकभन्दा बढी कार्य सम्झनु पर्छः-<br>(१) क्रुर यातना दिई वा निर्ममतापूर्वक ज्यान मारेको,<br>(२) जबरजस्ती करणी तथा गम्भीर प्रकृतिका यौनजन्य हिंसा,<br>(३) व्यक्ति बेपत्ता पार्ने कार्य,<br>(४) अमानविय वा क्रुरतापूर्वक दिएको यातना,<br>(५) दोहोरो भिडन्तमा भएको मृत्युबाहेक निशस्त्र व्यक्ति तथा नियन्त्रणमा लिइएको जुनसुकै व्यक्तिको हत्या,<br>(६) मानवता विरुद्धको अपराध,<br>(७) निशस्त्र व्यक्तिको सामूहिक नरसंहार ।" |
| ३९. | मा. श्री गणेश पराजुली | २ | उपदफा (५) को सट्टा देहायको उपदफा (५) राख्नु पर्ने,-<br>"(५) खण्ड (ज) पछि देहायको खण्ड (ज१) थपिएको छः-<br>"(ज१) "मानवअधिकारको गम्भीर उल्लंघन" भन्नाले सशस्त्र द्वन्द्वको क्रममा निशस्त्र व्यक्ति वा जनसमुदायकविरुद्ध लक्षित गरी वा योजनाबद्ध रुपमा गरिएका देहायको कुनै कार्य सम्झनु पर्छः-<br>(१) निहत्था नागरिकको हत्या,<br>(२) क्रुर यातना दिई वा निर्मतापूर्वक ज्यान मारेको,<br>(३) जबर्जस्ती करणी,<br>(४) अपहरण गरी तथा जबरजस्ती व्यक्ति व्पत्ता पार्ने कार्य,<br>(५) अमानवीय वा क्रुरतापूर्वक दिएको यातना,<br>(६) गम्भीर अङ्गभङ्ग गरी अपाङ्ग बनाउने कार्य ।" |

| | | | |
|---|---|---|---|
| ४०. | मा. श्री लक्ष्मी तिवारी | २ | उपदफा (५) को सट्टा देहायको उपदफा (५) राख्नु पर्ने,-<br>"(५) खण्ड (ञ) पछि देहायको खण्ड (ञ१) थपिएको छः-<br>(ञ१) "मानवअधिकारको गम्भीर उल्लंघन" भन्नाले अन्तर्राष्ट्रिय मानवअधिकार कानुन तथा अन्तर्राष्ट्रिय मानवीय कानुन विपरित द्वन्द्वरत पक्षबाट गरिएको देहायको कुनै कार्य सम्झनु पर्छः-<br>(१) निशस्त्र व्यक्ति तथा नियन्त्रणमा लिइएको जुनसुकै व्यक्तिको हत्या,<br>(२) बलात्कार तथा गम्भीर प्रकृतिका यौन हिंसा,<br>(३) जबरजस्ती व्यक्ति बेपत्ता पार्ने कार्य,<br>(४) यातना, अङ्गभङ्ग वा अपाङ्ग बनाउने कार्य,<br>(५) मानवताविरुद्धको अपराध,<br>(६) अपहरण तथा बालसेनाको प्रयोग लगायत युद्ध अपराध ।"<br>यस्ता कार्यमा मेलमिलाप गर्न नसकिने । अपराध गर्ने पक्षलाई कानूनी सजायको व्यवस्था गर्नु पर्ने । |
| ४१. | मा. श्री भगवती चौधरी | २ | उपदफा (५) को सट्टा देहायको उपदफा (५) राख्नु पर्ने,-<br>"(५) खण्ड (ञ) पछि देहायको खण्ड (ञ१) थपिएको छः-<br>(ञ१) "मानवअधिकारको गम्भीर उल्लंघन" भन्नाले सशस्त्र द्वन्द्वको क्रममा निशस्त्र व्यक्ति वा जनसमुदायविरुद्ध लक्षित गरी योजनाबद्ध रुपमा सशस्त्र द्वन्द्वका पक्षबाट गरिएको देहायको कुनै कार्य सम्झनु पर्दछः-<br>(१) हत्या,<br>(२) जबरजस्ती करणी तथा यौनजन्य हिंसा,<br>(३) व्यक्ति बेपत्ता पार्ने कार्य,<br>(४) शारीरिक वा मानसिक यातना ।" |
| ४२. | मा. श्री अशोक कुमार चौधरी | २ | उपदफा (५) को सट्टा देहायको उपदफा (५) राख्नु पर्ने,-<br>"(५) खण्ड (ञ) पछि देहायको खण्ड (ञ१) थपिएको छः- |

| | | | |
|---|---|---|---|
| | | | (ञ१) "मानवअधिकारको गम्भीर उल्लंघन" भन्नाले सशस्त्र द्वन्द्वको क्रममा गरिएको देहायको कुनै कार्य सम्झनु पर्दछः-<br>(१) निशस्त्र व्यक्ति वा जनसमुदायविरुद्ध लक्षित गरी योजनाबद्ध रुपमा गरिएका हत्या,<br>(२) जबरजस्ती करणी लगायत गम्भीर यौनजन्य हिंसा,<br>(३) जबरजस्ती व्यक्ति वेपत्ता पार्ने कार्य,<br>(४) क्रुरतापूर्वक दिएको यातना ।" |
| ४३. | मा. श्री गगन कुमार थापा | २ | उपदफा (५) को सट्टा देहायको उपदफा (५) राख्नेः-<br>"(५) खण्ड (ञ) पछि देहायको खण्ड (ञ१) थपिएको छः-<br>(ञ१) "मानव अधिकारको गम्भीर उल्लङ्घन" भन्नाले सशस्त्र द्वन्द्वको क्रममा निःशस्त्र व्यक्ति वा जनसमुदायविरुद्ध लक्षित गरी वा योजनावद्ध रुपमा गरिएको देहायको कुनै कार्य सम्झनु पर्छः-<br>(१) हत्या (आरबिट्ररी किलिङ),<br>(२) जबर्जस्ती करणी लगायतका गम्भीर यौनजन्य हिंसा,<br>(३) जबर्जस्ती व्यक्ति बेपत्ता पार्ने कार्य,<br>(४) शारीरिक वा मानसिक पिडायुक्त यातना । |
| ४४. | मा. श्री राम प्रकाश चौधरी | २ | उपदफा (५) को सट्टा देहायको उपदफा (५) राख्नु पर्ने,-<br>"(५) खण्ड (ञ) पछि देहायको खण्ड (ञ१) थपिएको छः-<br>(ञ१) "मानवअधिकारको गम्भीर उल्लंघन" भन्नाले सशस्त्र द्वन्द्वको क्रममा गरिएको देहायको कुनै कार्य सम्झनु पर्दछः-<br>(१) निशस्त्र व्यक्ति वा जनसमुदायविरुद्ध लक्षित गरी योजनाबद्ध रुपमा स्वेच्छाचारी ढङ्गले गरिएका हत्या,<br>(२) जबरजस्ती करणी लगायत गम्भीर यौनजन्य हिंसा,<br>(३) जबरजस्ती व्यक्ति वेपत्ता पार्ने कार्य,<br>(४) क्रुरतापूर्वक दिएको यातना ।" |

| | | | |
|---|---|---|---|
| ४५. | मा. श्री प्रदिप यादव | २ | उपदफा (५) को सट्टा देहायको उपदफा (५) राख्नु पर्ने,-<br>"(५) खण्ड (ञ) पछि देहायको खण्ड (ञ१) थपिएको छः-<br>(ञ१) "मानवअधिकारको गम्भीर उल्लंघन" भन्नाले सशस्त्र द्वन्द्वको क्रममा गरिएको देहायको कुनै कार्य सम्झनु पर्दछः-<br>(१) निशस्त्र व्यक्ति वा जनसमुदायविरुद्ध लक्षित गरी योजनाबद्ध रुपमा स्वेच्छाचारी ढङ्गले गरिएका हत्या,<br>(२) जबरजस्ती करणी लगायत गम्भीर यौनजन्य हिंसा,<br>(३) जबरजस्ती व्यक्ति वेपत्ता पार्ने कार्य,<br>(४) क्रुरतापूर्वक दिएको यातना ।" |
| ४६. | मा. श्री रेखा यादव | २ | उपदफा (५) को सट्टा देहायको उपदफा (५) राख्नु पर्ने,-<br>"(५) खण्ड (ञ) पछि देहायको खण्ड (ञ१) थपिएको छः-<br>(ञ१) "मानवअधिकारको गम्भीर उल्लंघन" भन्नाले सशस्त्र द्वन्द्वको क्रममा गरिएको देहायको कुनै कार्य सम्झनु पर्दछः-<br>(१) निशस्त्र व्यक्ति वा जनसमुदायविरुद्ध लक्षित गरी योजनाबद्ध रुपमा स्वेच्छाचारी ढङ्गले गरिएका हत्या,<br>(२) जबरजस्ती करणी लगायत गम्भीर यौनजन्य हिंसा,<br>(३) जबरजस्ती व्यक्ति वेपत्ता पार्ने कार्य,<br>(४) क्रुरतापूर्वक दिएको यातना ।" |
| ४७. | मा. श्री संजय कुमार गौतम,<br>मा. श्री राजेन्द्र कुमार के.सी. | २ | उपदफा (५) को सट्टा देहायको उपदफा (५) राख्नु पर्ने,-<br>"(५) खण्ड (ञ) पछि देहायको खण्ड (ञ१) थपिएको छः-<br>(ञ१) "मानवअधिकारको गम्भीर उल्लंघन" भन्नाले सशस्त्र द्वन्द्वको क्रममा गरिएको देहायको कुनै कार्य सम्झनु पर्दछः-<br>(१) निशस्त्र व्यक्ति वा जनसमुदायविरुद्ध लक्षित गरी योजनाबद्ध रुपमा स्वेच्छाचारी ढङ्गले गरिएका हत्या, |

| | | | |
|---|---|---|---|
| | | | (२) जबरजस्ती करणी लगायत गम्भीर यौनजन्य हिंसा,<br>(३) जबरजस्ती व्यक्ति वेपत्ता पार्ने कार्य,<br>(४) क्रुरतापूर्वक दिएको यातना ।" |
| ४८. | मा. श्री विनिता कुमारी सिंह | २ | उपदफा (५) को सट्टा देहायको उपदफा (५) राख्नु पर्ने,-<br>"(५) खण्ड (ञ) पछि देहायको खण्ड (ञ१) थपिएको छः-<br>(ञ१) "मानवअधिकारको गम्भीर उल्लंघन" भन्नाले सशस्त्र द्वन्द्वको क्रममा गरिएको देहायको कुनै कार्य सम्झनु पर्दछः-<br>(१) निशस्त्र व्यक्ति वा जनसमुदायविरुद्ध लक्षित गरी योजनाबद्ध रुपमा स्वेच्छाचारी ढङ्गले गरिएका हत्या,<br>(२) जबरजस्ती करणी लगायत गम्भीर यौनजन्य हिंसा,<br>(३) जबरजस्ती व्यक्ति वेपत्ता पार्ने कार्य,<br>(४) क्रुरतापूर्वक दिएको यातना ।" |
| ४९. | मा. श्री भानुभक्त जोशी | २ | उपदफा (५) को सट्टा देहायको उपदफा (५) राख्नु पर्ने,-<br>"(५) खण्ड (ञ) पछि देहायको खण्ड (ञ१) थपिएको छः-<br>(ञ१) "मानवअधिकारको गम्भीर उल्लंघन" भन्नाले सशस्त्र द्वन्द्वको क्रममा गरिएको देहायको कुनै कार्य सम्झनु पर्दछः-<br>(१) निशस्त्र व्यक्ति वा जनसमुदायविरुद्ध लक्षित गरी योजनाबद्ध रुपमा स्वेच्छाचारी ढङ्गले गरिएका हत्या,<br>(२) जबरजस्ती करणी लगायत गम्भीर यौनजन्य हिंसा,<br>(३) जबरजस्ती व्यक्ति वेपत्ता पार्ने कार्य,<br>(४) क्रुरतापूर्वक दिएको यातना ।" |
| ५०. | मा. श्री हित बहादुर तामाङ | २ | खण्ड (ञ१) को उपखण्ड (१) को सट्टा देहाय बमोजिम राख्नेः-<br>"(१) क्रुर यातना दिई वा निर्ममतापूर्वक वा स्वेच्छाचारी रुपमा ज्यान मारेको कार्य ।" |
| ५१. | मा. श्री रुपा सो.सी. | २ | उपदफा (५) मा रहेको "क्रुर यातना दिई वा निर्ममतापूर्वक ज्यान मारेको" भन्ने वाक्यको |

| | | | |
|---|---|---|---|
| | (चौधरी) | | अगाडि "स्वेच्छारी ढङ्गले" भन्ने शब्दहरु थप्नु पर्ने । |
| ५२. | मा. श्री गोकुल प्रसाद बाँस्कोटा | २ | <u>उपदफा (६) को सट्टा देहायको उपदफा (६) राख्नु पर्ने</u>,-<br>"खण्ड (ट) को सट्टा देहायको खण्ड (ट) राखिएको छः-<br>"(ट) “व्यक्ति बेपत्ता पार्ने कार्य” भन्नाले राज्य वा राजनीतिक संगठनको कुनै निकायद्धारा वा त्यस्तो निकायको अख्तियारी, समथर्न वा सहमतिमा कार्य गर्ने कुनै व्यक्ति वा व्यक्तिहरूको समूहद्वारा पक्राउ, थुना, अपहरण वा अन्य कुनै किसिमले व्यक्तिलाई उसको स्वतन्त्रताबाट वञ्चित गरी त्यस्तो व्यक्तिको अवस्था वा ऊ रहेको ठाउँको खुलासा नगरेर वा त्यस्तो व्यक्तिलाई स्वतन्त्रताबाट वञ्चित गरिएको मात्र अस्वीकार गरेर कानुनको संरक्षणबाट बाहिर राख्ने कार्यलाई जनाउँदछ ।" |
| ५३. | मा. श्री रघुजी पन्त | २ | <u>उपदफा (६) को सट्टा देहायको उपदफा (६) राख्नु पर्ने</u>,-<br>"खण्ड (ट) को सट्टा देहायको खण्ड (ट) राखिएको छः-<br>"(ट) “व्यक्ति बेपत्ता पार्ने कार्य” भन्नाले राज्य वा राजनीतिक संगठनको कुनै निकायद्धारा वा त्यस्तो निकायको अख्तियारी, समथर्न वा सहमतिमा कार्य गर्ने कुनै व्यक्ति वा व्यक्तिहरूको समूहद्वारा पक्राउ, थुना, अपहरण वा अन्य कुनै किसिमले व्यक्तिलाई उसको स्वतन्त्रताबाट वञ्चित गरी त्यस्तो व्यक्तिको अवस्था वा ऊ रहेको ठाउँको खुलासा नगरेर वा त्यस्तो व्यक्तिलाई स्वतन्त्रताबाट वञ्चित गरिएको मात्र अस्वीकार गरेर कानुनको संरक्षणबाट बाहिर राख्ने कार्यलाई जनाउँदछ ।" |
| ५४. | मा. श्री मैना कार्की | २ | **<u>दफा २ को</u>**,-<br>- उपदफा (२) मा रहेको "मृत्यु भएको" भन्ने शब्दहरुपछि "वा बेपत्ता पारिएको" भन्ने शब्दहरु, "थुनामा रहेको व्यक्ति" भन्ने शब्दहरुपछि "सशष्त्र द्वन्द्वको समयमा राखिएका बारुदी सुरुङ (ल्याण्ड माइन) र विष्फोटक पदर्थको विष्फोटनमा परि मृत्यु भएका, शारीरिक तथा मानसिक रुपमा हानी नोक्सानि पुगेको व्यक्ती" भन्ने शब्दहरु थप गरी ठाउँ-ठाउँमा रहेका "मानव अधिकारको गम्भीर उल्लंघनको" भन्ने शब्दहरुको सट्टा "मानव अधिकारको उल्लघंन वा मानव अधिकारको गम्भीर उल्लघंनको" भन्ने शब्दहरु |

| | | | |
|---|---|---|---|
| | | | राख्नु पर्ने ।<br>- उपदफा (४) को सट्टा देहायको उपदफा (४) राख्नु पर्ने,-<br>"(४) खण्ड (ञ) को सट्टा देहायको खण्ड (ञ) राखिएको छः-<br>(ञ) "मानव अधिकारको उल्लङ्घन" भन्नाले सशस्त्र द्वन्द्वको क्रममा अन्तरर्राष्ट्रिय मानव अधिकार कानून तथा अन्तर्राष्ट्रिय मानवीय कानून विपरीत द्वन्द्वरत पक्षबाट गरिएका देहायका कुनै कार्य सम्झनु पर्दछः-<br>(१) शरीर बन्धक बनाउने,<br>(२) गैरकानूनी थुनामा राख्ने,<br>(३) कुटपीट गर्ने,<br>(४) व्यक्तिगत वा सार्वजनिक सम्पत्ति लुटपाट, कब्जा, तोडफोड वा आगजनी गर्ने,<br>(५) घरजग्गाबाट जबरजस्ति निकाला वा अन्य कुनै किसिमबाट विस्थापन गर्ने,<br>(६) अन्तर्राष्ट्रिय मानव अधिकार वा मानवीय कानून विपरीत गरिएका अन्य कार्य ।"<br>- उपदफा (५) को सट्टा देहायको उपदफा (५) राख्नु पर्ने,-<br>"(५) खण्ड (ञ) पछि देहायको खण्ड (ञ१) थपिएको छः-<br>(ञ१) "मानव अधिकारको गम्भीर उल्लङ्घन" भन्नाले अन्तरर्राष्ट्रिय मानव अधिकार कानून तथा अन्तर्राष्ट्रिय मानवीय कानून विपरीत द्वन्द्वरत पक्षबाट गरिएका देहायका कुनै कार्य सम्झनु पर्दछः-<br>(१) निशस्त्र व्यक्ति तथा नियन्त्रणमा लिइएको जुन सुकै व्यक्तिको हत्या,<br>(२) बलात्कार तथा गम्भीर प्रकृतिका यौन हिंसा,<br>(३) जबरजस्ति व्यक्ति बेपत्ता पार्ने कार्य,<br>(४) यातना, अङ्गभङ्ग वा अपाङ्ग बनाउने कार्य,<br>(५) मानवताविरुद्धको अपराध,<br>(६) अपहरण तथा बालसेनाको प्रयोग लगायत युद्ध अपराध ।<br>**स्पष्टीकरण**:- यस ऐनमा मानवताविरुद्धको अपराध भन्नाले अन्तर्राष्ट्रिय फौजदारी |

| | | | |
|---|---|---|---|
| | | | अदालतको रोम विधान, १९९८ को धारा ७ र ८ मा परिभाषित मानवताविरुद्धको अपराध र युद्ध अपराध तथा "यातना" भन्नाले नेपाल पक्ष भएको यातनाविरुद्धको महासन्धिको धारा १ मा परिभाषित यातनालाई सम्झनु पर्दछ ।"<br>- उपदफा (६) को सट्टा देहायको उपदफा (६) राख्नु पर्ने,-<br>"खण्ड (ट) को सट्टा देहायको खण्ड (ट) राखिएको छ,-<br>"(ट) "व्यक्ति बेपत्ता पार्ने कार्य" भन्नाले राज्य वा राजनीतिक संगठनको कुनै निकायद्वारा वा त्यस्तो निकायको अख्तियारी, समर्थन वा सहमतिमा कार्य गर्ने कुनै व्यक्ति वा व्यक्तिहरुको समूहद्वारा पक्राउ, थुना, अपहरण वा अन्य कुनै व्यक्तिको अवस्था वा ऊ रहेको ठाउँको खुलासा नगरेर वा त्यस्तो व्यक्तिलाई स्वतन्त्रताबाट बञ्चित गरिएको मात्र अस्विकार गरेर कानूनको संरक्षणबाट बाहिर राख्ने कार्यलाई जनाउदछ ।"<br>**नोट**ः- विधेयकमा संशोधन प्रस्ताव नगरिएको भए तापनि मूल ऐनको देहायका दफाहरुमा संशोधन गर्नु पर्ने,-<br>**मूल ऐनको दफा ३ को**,-<br>- उपदफा (३) मा व्यवस्था गरिएको सिफारिस समिति अन्तर्गत खण्ड (क) पछि देहाय बमोजिमको खण्ड (ख) थपि त्यस पछिका खण्डहरुको क्रम मिलाउनु पर्ने,-<br>"(ख) सर्वोच्च अदालतको पूर्वन्यायाधीशहरुमध्येबाट नेपाल सरकारले तोकेको एक जना- सदस्य,"<br>साथै खण्ड (ग) मा रहेको "तीन जना" भन्ने शब्दहरुको सट्टा "दुई जना" भन्ने शब्दहरु राख्नु पर्ने ।<br>- उपदफा (५) को सट्टा देहायको उपदफा (५) राखी त्यसपछी उपदफा (६) र (७) थप्नु पर्ने,-<br>"(५) उपदफा (३) बमोजिमको सिफारिस समितिले अध्यक्ष तथा सदस्यको नाम सिफारिस गर्नुअघि देहाय बमोजिम सार्वजनिक छनौट प्रक्रिया अवलम्बन गर्नेछः- |

| | | | |
|---|---|---|---|
| | | | (क) इच्छुक व्यक्तिको मनोनयनका लागि सार्वजनिक आह्वान गर्ने, सम्बन्धित व्यक्ति वा अरु कोही व्यक्ति वा संस्थाले पनि त्यस्तो मनोनयन दर्ता गर्न सक्ने,<br>(ख) ऐनले तोकेको योग्यताको शर्तहरुको आधारमा प्राप्त मनोनयनहरुको जाँच गरी न्यूनत्तम योग्यता पूरा गरेका व्यक्तिहरुको सूची तयार गर्ने,<br>(ग) उम्मेदवारहरुको बारेमा सार्वजनिक प्रतिक्रियाको लागि निश्चित समय तोकी सूची प्रकाशन गर्ने,<br>(घ) उम्मेदबारहरुको पृष्ठभूमी तथा ट्र्याक रेकर्ड अध्ययन एवं नीजहरुको बारेमा प्राप्त सार्वजनिक प्रतिक्रियाको अध्ययन गरी पदाधिकारीको रुपमा नियुक्त हुन योग्य देखिएका उम्मेदबारहरुको छोटो सूची तयार गर्ने,<br>(ङ) खुला र पारदर्शी तरिकाले छोटो सूचीमा परेका उम्मेदबारहरुको अन्तरवार्ता लिने, उनीहरुसँग संक्रमणकालीन न्यायका मूलभूत विषयहरुमा छलफल र अन्तरक्रिया गर्ने एवं विषयवस्तुमा उनीहरुको ठोस धारणा प्रस्तुत गर्न लगाउने,<br>(च) उम्मेदबारहरुको ज्ञान, अनुभव, क्षमता, नैतिक चरित्र र वैयक्तिक अभेद्यता/विश्वसनियता समेतको समष्टिगत अध्ययन र विश्लेषणको आधारमा सबैभन्दा उपयुक्त देखिएका उम्मेदबारहरुलाई नियुक्तिका लागि सिफारिस गर्ने ।<br>(६) छनौट प्रक्रिया सम्बन्धी अन्य व्यवस्था समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।<br>(७) समिति गठन भएको बढीमा दुई महिनाभित्र छनौट प्रक्रिया सम्पन्न गरि सक्नु पर्नेछ ।" |
| ५५. | मा. श्री ज्ञान बहादुर शाही | २ | उपदफा (४) मा रहेको खण्ड (ञ) अन्तर्गत उल्लेखित "हत्या र मानव अधिकारको वा मानवीय कानून विपरीत गरिएका जुन सुकै अमानवीय कार्यलाई मानव अधिकारको उल्लंघन भन्ने परिभाषाबाट हटाई मानव अधिकारको गम्भीर उल्लंघनको परिभाषामा समावेश गर्नु पर्ने । |
| ५६. | मा. श्री प्रेम सुवाल | २ | - मूल ऐनको दफा २ को खण्ड १ (छ) र (ज) यथावत राख्ने । |

| | | | |
|---|---|---|---|
| | | | - मूल ऐनको दफा २ (ज) मा आदेश पालनाभन्दा बाहिर गएर काम गरेका सुरक्षाकर्मी मात्र यस परिभाषाभित्र पर्नेछ ।<br>- मूल ऐनको दफा २ (ञ) को १) हत्या, २) यौनजन्य हिंसा ३) अंगभंग वा अपाः, क्रुर व्यवहार, यातना र हत्या गर्नेलाई दफा २ (४) पछि (५), (६), (७), (८) र (९) बनाई थप्नुपर्ने ।<br>- मूल ऐनको (ट) यथावत राख्नु पर्ने। |
| ५७. | मा. श्री महेश कुमार बर्तौला,<br>मा. श्री विद्या भट्टराई,<br>मा. श्री दामोदर बैरागी | २ | - मूल ऐनको दफा २ को खण्ड (ट) विधेयकमा हटाइएको हुँदा सो नहटाई मूल ऐनको दफा २ को खण्ड (ट) मा भएको वेपत्ता पार्ने कार्यको परिभाषा राखिनु पर्ने । |
| ५८. | मा. श्री भगवती चौधरी | २ | - उपदफा (६) हटाउनु पर्ने । |
| ५९. | मा. श्री अशोक कुमार चौधरी | २ | - उपदफा (६) हटाउनु पर्ने । |
| ६०. | मा. श्री गगन कुमार थापा | २ | - उपदफा (६) हटाई मूल ऐनको खण्ड (ट) मा रहेको “व्यक्ति वेपत्ता पार्ने कार्य” को देहायको परिभाषा राख्ने।<br>"(ट) “व्यक्ति बेपत्ता पार्ने कार्य” भन्नाले देहायका कुनै कार्य सम्झनुपर्छः-<br>(१) कानून बमोजिम पक्राउ गर्न, अनुसन्धान तहकिकात गर्न वा कानून कार्यान्वयन गर्न अख्तियारी पाएको व्यक्ति वा सुरक्षाकर्मीले पक्राउ गरेको, हिरासतमा राखेको वा अन्य कुनै किसिमले नियन्त्रणमा लिएको व्यक्तिलाई मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित नगराउने, मुद्दा हेर्ने अधिकारी समक्ष प्रचलित कानून बमोजिम उपस्थित गराउनुपर्ने अवधि व्यतित भएपछि पनि सरोकारवालालाई भेटघाट गर्न नदिने वा निजलाई कहाँ, कसरी र कुन अबस्थामा राखिएको छ भन्ने सम्बन्धमा जानकारी नदिने,<br>(२) शसस्त्र द्वन्द्वको क्रममा कुनै संगठन वा संगठित वा असंगठित |

| | | | |
|---|---|---|---|
| | | | समुहको नामबाट कुनै पनि व्यक्तिलाई पक्राउ वा अपहरण गरी वा कब्जामा वा अन्य कुनै किसिमको नियन्त्रणमा लिई निजको वैयक्तिक स्वतन्त्रताबाट बञ्चित गर्ने।" |
| ६१. | मा. श्री राम प्रकाश चौधरी | २ | - उपदफा (६) हटाउनु पर्ने । |
| ६२. | मा. श्री प्रदिप यादव | २ | - उपदफा (६) हटाउनु पर्ने । |
| ६३. | मा. श्री रेखा यादव | २ | - उपदफा (६) हटाउनु पर्ने । |
| ६४. | मा. श्री संजय कुमार गौतम,<br>मा. श्री राजेन्द्र कुमार के.सी. | २ | - उपदफा (६) हटाउनु पर्ने । |
| ६५. | मा. श्री विनिता कुमारी सिंह | २ | - उपदफा (६) हटाउनु पर्ने । |
| ६६. | मा. श्री भानुभक्त जोशी | २ | - उपदफा (६) हटाउनु पर्ने । |
| ६७. | मा. श्री गोकुल प्रसाद बाँस्कोटा | ३ | दफा ३ को व्यवस्थालाई उपदफा (१) कायम गरी सोको अन्त्यमा देहायको उपदफा (२) र (३) थप्नु पर्ने,-<br>"(२) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः<br>(३) अध्यक्ष तथा सदस्यको नियुक्तिको लागि सिफारिस गर्न देहाय बमोजिमको एक सिफारिस समिति रहनेछः-<br>(क) पूर्वप्रधानन्यायाधीशहरुमध्येबाट नेपाल सरकारले तोकेको व्यक्ति - अध्यक्ष<br>(ख) सर्वोच्च अदालतको पूर्वन्यायाधीशहरुमध्येबाट नेपाल सरकारले तोकेको एकजना -सदस्य<br>(ग) राष्ट्रिय मानव अधिकार आयोगको अध्यक्ष वा निजले तोकेको सो आयोगको सदस्य - सदस्य<br>(घ) मानव अधिकारवादी, मनोविज्ञानवेत्ता, कानूनविद्, विधि विज्ञानवेत्ता, द्वन्द्वविद्, समाजशास्त्री, महिला अधिकारकर्मी वा शान्ति प्रक्रियामा संलग्न व्यक्तिहरु |

| | | | |
|---|---|---|---|
| | | | मध्येबाट नेपाल सरकारले मनोनयन गरेको कम्तीमा एकजना महिला सहित दुईजना - सदस्य"<br>(३) उपदफा (५) को सट्टा देहायको उपदफा (५) राखिएको छः<br>(५) उपदफा (३) बमोजिमको सिफारिस समितिले अध्यक्ष तथा सदस्यको नाम सिफारिस गर्नुअघि देहायबमोजिम सार्वजनिक छनौट प्रक्रिया अवलम्वन गर्नेछः-<br>(क) इच्छुक व्यक्तिको मनोनयनका लागि सार्वजनिक आव्हान गर्ने, सम्बन्धित व्यक्ति वा अरु कोही व्यक्ति वा संस्थाले पनि त्यस्तो मनोनयन दर्ता गर्न सक्ने ।<br>(ख) ऐनले तोकेको योग्यताका शर्तहरूको आधारमा प्राप्त मनोनयनहरूको जाँच गरी न्यूनतम योग्यता पुरा गरेका व्यक्तिहरूको सूची तयार गर्ने,<br>(ग) उम्मेदवारहरूको बारेमा सार्वजनिक प्रतिक्रियाका लागि निश्चित समय तोकी सूची प्रकाशन गर्ने,<br>(घ) उम्मेदवारहरूको पृष्ठभूमि तथा ट्रयाक रेकर्ड अध्ययन एवं निजहरूको बारेमा प्राप्त सार्वजनिक प्रतिक्रियाको अध्ययन गरी पदाधिकारीको रूपमा नियुक्त हुन योग्य देखिएका उम्मेदवारहरूको छोटो सूची तयार गर्ने,<br>(छ) खुला र पारदर्शी तरिकाले छोटो सूचीमा परेका उम्मेदवारहरूको अन्तर्वार्ता लिने, उनीहरूसँग संक्रमणकालीन न्यायका मूलभूत विषयहरूमा छलफल र अन्तरक्रिया या गर्ने एवं विषयवस्तुमा उनीहरूको ठोस धारणा प्रस्तुत गर्न लगाउने,<br>(ज) उम्मेदवारहरूको ज्ञान, अनुभव, क्षमता, नैतिक चरित्र र वैयक्तिक अभेद्यता/विश्वसनीयता समेतको समष्टिगत अध्ययन र विश्लेषणको आधारमा सबै भन्दा उपयुक्त देखिएका उम्मेदवारहरूलाई नियक्तिका लागि सिफारिस गर्ने ।<br>(६) छनौट प्रक्रियासम्बन्धी अन्य व्यवस्था समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।<br>(७) समिति गठन भएको बढिमा दुई महिना भित्र छनौट प्रक्रिया सम्पन्न गरिसक्नु पर्नेछ ।" |
| ६८. | मा. श्री चित्र बहादुर के.सी. | ३ | विधेयकको दफा ३ हटाई मूल ऐनको दफा ३ को उपदफा (१) मा रहेको “गम्भीर अपराधमा संलग्न व्यक्तिलाई” भन्ने शब्दहरुपछि अभियोजन भन्ने शब्द थप गर्नु पर्ने। |

| | | | |
|---|---|---|---|
| ६९. | मा. श्री प्रेम सुवाल | ३ | मूल ऐनको दफा ३ (१) यथावत राख्ने । |
| ७०. | मा. श्री भगवती चौधरी | ३ | दफा ३ को,-<br>- यस दफामा भएको व्यवस्थालाई उपदफा (१) कायम गरी उक्त उपदफामा रहेका "मानव अधिकारको गम्भीर उल्लंघनमा" भन्ने शब्दहरुको सट्टा "मानव अधिकारको गम्भीर उल्लंघन तथा मानव अधिकारको उल्लंघनमा" भन्ने शब्दहरु राख्नु पर्ने ।<br>- मूल ऐनको दफा ३ को उपदफा (५) को सट्टा देहायको उपदफा (५) राखी त्यसपछि उपदफा (६) र (७) थप गर्नु पर्नेः<br>"(५) उपदफा (३) बमोजिमको सिफारिस समितिले अध्यक्ष तथा सदस्यको नाम सिफारिस गर्नु अघी देहायको प्रक्रिया अवलम्बन गर्नु पर्नेछः-<br>(क) सार्वजनिक सूचना प्रकाशन गरी अध्यक्ष वा सदस्य पदमा नियुक्ति हुन इच्छुक व्यक्तिको नामावली सङ्कलन गर्ने तथा नामावली प्रकाशन गर्ने,<br>(ख) खण्ड (क) बमोजिम सङ्कलन गरिएको नामावलीबाट दफा ४ बमोजिम योग्यता पुगेको र दफा ५ बमोजिम अयोग्य नभएको व्यक्तिको नाम सूचिकृत गरी अध्यक्ष वा सदस्य पदको सम्भाव्य उम्मेदवारको रुपमा सङ्क्षिप्त सूची प्रकाशन गर्ने,<br>(ग) खण्ड (ख) बमोजिम प्रकाशित सूचीमा सरोकारवालाको प्रतिकृया लिने, र<br>(घ) योग्य व्यक्तिको नाम सिफारिस गर्ने ।"<br>(६) उपदफा (५) मा जुन सुकै कुरा लेखिएको भए तापनि सो उपदफा बमोजिमको प्रक्रिया समावेश नभएको कुनै व्यक्तिलाई नीजको विशिष्ट योग्यता र अनुभवको आधारमा नीजको नाम सङ्क्षिप्त सूचिमा समावेश गर्न उपयुक्त हुने देखिएमा सिफारिस समितले त्यस्तो व्यक्तिसँग परामर्श गरी सङ्क्षिप्त सूचीमा नाम समावेश गरी प्रकाशन गर्न सक्नेछ ।<br>(७) अध्यक्ष वा सदस्यको पदमा नियुक्तिको लागि नाम सिफारिस सम्बन्धी अन्य प्रक्रिया सिफारिस समितेले निर्धारण गरे बमोजिम हुनेछ ।" |

| | | | |
|---|---|---|---|
| ७१. | मा. श्री अशोक कुमार चौधरी | ३ | - मूल ऐनको दफा ३ को उपदफा (३) को खण्ड (ग) मा रहेको "कम्तिमा एक जना महिला सहित तीन जना" भन्ने शब्दहरुको सट्टा "कम्तिमा एक जना महिला सहित दुई जना" भन्ने शब्दहरु राख्नु पर्ने ।<br>- मूल ऐनको दफा ३ को उपदफा (३) को खण्ड (ग) पछि देहायको खण्ड (घ) थप्नु पर्ने,-<br>"(घ) पूर्वन्यायाधीश मध्येबाट एक जना" |
| ७२. | मा. श्री राम प्रकाश चौधरी | ३ | - मूल ऐनको दफा ३ को उपदफा (३) को खण्ड (ग) मा रहेको "कम्तिमा एक जना महिला सहित तीन जना" भन्ने शब्दहरुको सट्टा "कम्तिमा एक जना महिला सहित दुई जना" भन्ने शब्दहरु राख्नु पर्ने ।<br>- मूल ऐनको दफा ३ को उपदफा (३) को खण्ड (ग) पछि देहायको खण्ड (घ) थप्नु पर्ने,-<br>"(घ) पूर्वन्यायाधीश मध्येबाट एक जना" |
| ७३. | मा. श्री प्रदिप यादव | ३ | - मूल ऐनको दफा ३ को उपदफा (३) को खण्ड (ग) मा रहेको "कम्तिमा एक जना महिला सहित तीन जना" भन्ने शब्दहरुको सट्टा "कम्तिमा एक जना महिला सहित दुई जना" भन्ने शब्दहरु राख्नु पर्ने ।<br>- मूल ऐनको दफा ३ को उपदफा (३) को खण्ड (ग) पछि देहायको खण्ड (घ) थप्नु पर्ने,-<br>"(घ) पूर्वन्यायाधीश मध्येबाट एक जना" |
| ७४. | मा. श्री रेखा यादव | ३ | - मूल ऐनको दफा ३ को उपदफा (३) को खण्ड (ग) मा रहेको "कम्तिमा एक जना महिला सहित तीन जना" भन्ने शब्दहरुको सट्टा "कम्तिमा एक जना महिला सहित दुई जना" भन्ने शब्दहरु राख्नु पर्ने ।<br>- मूल ऐनको दफा ३ को उपदफा (३) को खण्ड (ग) पछि देहायको खण्ड (घ) थप्नु पर्ने,-<br>"(घ) पूर्वन्यायाधीश मध्येबाट एक जना" |

| | | | |
|---|---|---|---|
| ७५. | मा. श्री संजय कुमार गौतम,<br>मा. श्री राजेन्द्र कुमार के.सी. | ३ | - मूल ऐनको दफा ३ को उपदफा (३) को खण्ड (ग) मा रहेको "कम्तिमा एक जना महिला सहित तीन जना" भन्ने शब्दहरुको सट्टा "कम्तिमा एक जना महिला सहित दुई जना" भन्ने शब्दहरु राख्नु पर्ने ।<br>- मूल ऐनको दफा ३ को उपदफा (३) को खण्ड (ग) पछि देहायको खण्ड (घ) थप्नु पर्ने,-<br>"(घ) पूर्वन्यायाधीश मध्येबाट एक जना" |
| ७६. | मा. श्री विनिता कुमारी सिंह | ३ | - मूल ऐनको दफा ३ को उपदफा (३) को खण्ड (ग) मा रहेको "कम्तिमा एक जना महिला सहित तीन जना" भन्ने शब्दहरुको सट्टा "कम्तिमा एक जना महिला सहित दुई जना" भन्ने शब्दहरु राख्नु पर्ने ।<br>- मूल ऐनको दफा ३ को उपदफा (३) को खण्ड (ग) पछि देहायको खण्ड (घ) थप्नु पर्ने,-<br>"(घ) पूर्वन्यायाधीश मध्येबाट एक जना" |
| ७७. | मा. श्री भानुभक्त जोशी | ३ | - मूल ऐनको दफा ३ को उपदफा (३) को खण्ड (ग) मा रहेको "कम्तिमा एक जना महिला सहित तीन जना" भन्ने शब्दहरुको सट्टा "कम्तिमा एक जना महिला सहित दुई जना" भन्ने शब्दहरु राख्नु पर्ने ।<br>- मूल ऐनको दफा ३ को उपदफा (३) को खण्ड (ग) पछि देहायको खण्ड (घ) थप्नु पर्ने,-<br>"(घ) पूर्वन्यायाधीश मध्येबाट एक जना" |
| ७८. | मा. श्री पूर्ण बहादुर घर्ति | ३ | - मूल ऐनको दफा ३ को उपदफा (३) को खण्ड (ग) मा रहेको "कम्तिमा एक जना महिला सहित तीन जना" भन्ने शब्दहरुको सट्टा "कम्तिमा एक जना महिला सहित दुई जना" भन्ने शब्दहरु राख्नु पर्ने ।<br>- मूल ऐनको दफा ३ को उपदफा (३) को खण्ड (ग) पछि देहायको खण्ड (घ) थप्नु पर्ने,-<br>"(घ) पूर्वन्यायाधीश मध्येबाट एक जना" |

| | | | |
|---|---|---|---|
| ७९. | मा. श्री गगन कुमार थापा | ३ | मूल ऐनको दफा ३ (३) मा खण्ड (ख) पछि (ख१) थप गरी देहाय बमोजिम गर्नेः-<br>- (ख१) सर्बोच्च अदालतका पूर्वन्यायधीस मध्येबाट नेपाल सरकारले तोकेको एक जना सदस्य।<br>- खण्ड (ग) मा रहेको "एक महिलासहित तीन जना" को सट्टा " एक महिला सहित दुई जना" बनाउने। |
| ८०. | मा. श्री अर्जुननरसिंह के.सी. | ३ | "मानव अधिकारको गम्भीर उल्लंघन" भन्ने शब्दहरुपछि "मानव अधिकारको उल्लंघन" राखु पर्ने । |
| ८१. | मा. श्री मैना कार्की | ४ | उपदफा (१) मा रहेको "दुई वर्षको" भन्ने शब्दहरुको सट्टा "तीन वर्षको" भन्ने शब्दहरु राखी देहाय बमोजिमको उपदफा (१क) थप गर्नु पर्ने,-<br>"(१क) उपदफा (१) मा जुन सुकै कुरा लेखिएको भए तापनि दफा ३८ को उपदफा (२) बमोजिम आयोगको कार्यावधि थप भएको अवस्थामा त्यसरी थप भएको अवधिसम्मको लागि नेपाल सरकारले अध्यक्ष तथा सदस्यको पदावधि बढीमा एक वर्ष थप गर्न सक्नेछ ।" |
| ८२. | मा. श्री गोकुल प्रसाद बाँस्कोटा | ४ | "पदावधिः" दफा शिर्षक अन्तर्गत उपदफा (१) मा रहेको "दुई वर्षको हुनेछ ।" भन्ने शब्दहरुको सट्टा "तीन वर्षको हुनेछ ।" भन्ने शब्दहरु राखी त्यसपछि देहाय बमोजिमको उपदफा (२) थप गरी सोपछिका उपदफाहरुको क्रम मिलाउनु पर्नेः-<br>"(२)" उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ३८ को उपदफा (२) बमोजिम आयोगको कार्यावधि थप भएको अवस्थामा त्यसरी थप भएको अवधिसम्मको लागि नेपाल सरकारले अध्यक्ष तथा सदस्यको पदावधि बढीमा एकवर्ष थप गर्न सक्नेछ ।" |
| ८३. | मा. श्री रघुजी पन्त | ४ | "पदावधिः" दफा शिर्षक अन्तर्गत उपदफा (१) मा रहेको "दुई वर्षको हुनेछ ।" भन्ने शब्दहरुको सट्टा "चार वर्षको हुनेछ ।" भन्ने शब्दहरु राखी त्यसपछि देहाय बमोजिमको उपदफा (२) थप गरी सोपछिका उपदफाहरुको क्रम मिलाउनु पर्नेः-<br>"(२)" उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ३८ को उपदफा (२) बमोजिम आयोगको कार्यावधि थप भएको अवस्थामा त्यसरी थप भएको अवधिसम्मको |

| | | | |
|---|---|---|---|
| | | | लागि नेपाल सरकारले अध्यक्ष तथा सदस्यको पदावधि एक वर्ष थप गर्न सक्नेछ ।" |
| ८४. | मा. श्री राजेन्द्र प्रसाद पाण्डे | ४ | "पदावधिः" दफा शिर्षक अन्तर्गत उपदफा (१) मा रहेको "नियुक्ति भएको मिति" भन्ने शब्दहरु पछि "आयोगले कार्य शुरु गरेको दुई वर्ष" भन्ने शब्दहरु राख्नु पर्ने । साथै "तोकिएको समयमा कार्य पुरा गर्न नसकेको विशेष परिस्थितिमा एक वर्ष थप गर्न सकिनेछ ।" भन्ने वाक्य थप गर्नु पर्ने । |
| ८५. | मा. श्री अम्मर बहादुर थापा | ४ | "पदावधिः" दफा शिर्षक अन्तर्गत उपदफा (१) मा रहेको "नियुक्ति भएको मिति" भन्ने शब्दहरु पछि "आयोगले कार्य शुरु गरेको दुई वर्ष" भन्ने शब्दहरु राख्नु पर्ने । साथै "तोकिएको समयमा कार्य पुरा गर्न नसकेको विशेष परिस्थितिमा एक वर्ष थप गर्न सकिनेछ ।" भन्ने वाक्य थप गर्नु पर्ने । |
| ८६. | मा. श्री मेटमणी चौधरी,<br>मा. श्री भानुभक्त जोशी | ४ | "पदावधिः" दफा शिर्षक अन्तर्गत उपदफा (१) मा रहेको "नियुक्ति भएको मिति" भन्ने शब्दहरु पछि "आयोगले कार्य शुरु गरेको दुई वर्ष" भन्ने शब्दहरु राख्नु पर्ने । साथै "तोकिएको समयमा कार्य पुरा गर्न नसकेको विशेष परिस्थितिमा एक वर्ष थप गर्न सकिनेछ ।" भन्ने वाक्य थप गर्नु पर्ने । |
| ८७. | मा. श्री प्रकाश ज्वाला | ४ | पदावधिः" दफा शिर्षक अन्तर्गत उपदफा (१) को अन्त्यमा "तोकिएको समयमा कार्य सम्पन्न नहुने भएमा एक वर्ष थप गर्न सकिनेछ ।" भन्ने वाक्य थप गर्नु पर्ने । |
| ८८. | मा. श्री गणेश पराजुली | ४ | पदावधिः" दफा शिर्षक अन्तर्गत उपदफा (१) मा रहेको "दुई वर्षको हुनेछ ।" भन्ने शब्दहरुको सट्टा "चार वर्षको हुनेछ ।" भन्ने शब्दहरु राखु पर्ने । |
| ८९. | मा. श्री प्रेम सुवाल | ४ | मूल ऐनको दफा ६ को सट्टा राखिएको दफा ६(१) मा “हुनेछ” पछि “अब उप्रान्त आयोगका अध्यक्ष तथा सदस्यको पदाधिकारी थप वा नयाँ नियुक्ति गरिने छैन । शान्ति प्रक्रियाको लागि हालसम्म भएको सरकारी खर्च सम्बन्धित पीडक पक्षको घैघरानाबाट असुल उपर गरिनेछ” थप्नुपर्ने । |
| ९०. | मा. श्री महेश कुमार बतौंला,<br>मा. श्री विद्या भट्टराई, | ४ | - प्रस्तावित दफा ६ को उपदफा (१) को अन्त्यमा निम्न बाक्यांश थप गर्नु पर्ने,-<br>"तर आयोगको कार्यावधि थप भएमा आयोगको अध्यक्ष र सदस्यको पदावधि स्वतः थप हुनेछ र आयोगको कार्यावधी समाप्त भएमा अध्यक्ष र सदस्यको पदावधी सोही |

| | | | |
|---|---|---|---|
| | मा. श्री दामोदर बैरागी | | मितिमा समाप्त हुनेछ ।"<br>- उपदफा (७) को अन्त्यमा देहायको खण्ड (ठ२) थप्नु पर्नेः-<br>"(ठ२) "स्वतन्त्र सहमती" भन्नाले पीडित तथा पीडितको तर्फबाट उपस्थित व्यक्तिले कसैको दबाब वा प्रलोभन वा करकापमा नपरी आफ्नो स्वइच्छाले नीज स्वयंले इच्छ्याएको व्यक्तिको रोहबरमा भएको कार्यलाई सम्झनु पर्दछ ।" |
| ९१. | मा. श्री गगन कुमार थापा | ४ | - मूल ऐनको दफा ६ को उपदफा (१) मा रहेका अध्यक्ष तथा सदस्यको पदावधि नियुक्ति भएको मितिले दुई वर्षको हुनेछ भन्ने शब्दहरू पछि "तर आयोगले तोकिएको समयमा काम सम्पन्न गर्न नसकेको अबस्थामा सरकारले अर्को दुई वर्षसम्म पदावधि थप गर्न सक्नेछ" भन्ने शब्दहरू थप गर्ने। |
| ९२. | मा. श्री चित्र बहादुर के.सी. | ६ | - उपदफा (१) मा ठाउँ-ठाउँमा रहेको "मानव अधिकारको उल्लंघन तथा" भन्ने शब्दहरुलाई हटाउनु पर्ने।<br>- उपदफा (२) मा ठाउँठाउँमा रहेका "मानव अधिकारको उल्लंघन तथा" भन्ने शब्दहरुलाई हटाई "मानवअधिकारको गम्भीर उल्लंघन" भन्ने शब्दहरु राख्नु पर्ने । |
| ९३. | मा. श्री महेश कुमार बर्तौला,<br>मा. श्री विद्या भट्टराई,<br>मा. श्री दामोदर बैरागी | ६ | - उपदफा (१) को खण्ड (क२) मा रहेको "अन्वेषणको प्रक्रिया निर्धारण गरी" भन्ने वाक्यांश हटाउनु पर्ने । |
| ९४. | मा. श्री प्रेम सुवाल | ६ | मूल ऐनको दफा १३ (क) पछि देहाय वमोजिम (क), (ख), (ग), (घ), (ङ) र (च) थपेर क्रम मिलाउनेः-<br>(क) सशस्त्र द्वन्द्व कुन कुन पक्षबीच भएको हो ? कुन कुन पक्षका कुन कुन मुख्य मुख्य नेता हुन् ? विवरण तयार गर्ने ।<br>(ख) सशस्त्र द्वन्द्व कस्को विरुद्ध के-के माग राखेर भयो ? लडाकूलाई तालिम कहा" दिइयो ? र हतियार कहाँबाट प्राप्त भएको हो ? विवरण तयार गर्ने,<br>(ग) सशस्त्र द्वन्द्वका कुन-कुन माग पूरा भयो ? कुन कुन माग पूरा भएन ? कसको |

| | | | |
|---|---|---|---|
| | | | कारण ती माग पूरा भएन ? विवरण तयार गर्ने,<br>(घ) सशस्त्र द्वन्द्वमा कुन कुन बैङ्क र घर लुटियो ? र लुटिएका नगद र गहना क-कसले कहाँ राखे ? विवरण तयार गर्ने,<br>(ङ) सशस्त्र द्वन्द्वको बेला नेपाल-भारत खुला सीमाका चौकी किन उडाइयो ? नेपाल-भारत सीमा नक्सा बनाउन पुगेका नापी कार्यालयका कर्मचारीहरूलाई डर देखाई भारतमा गएर नक्सा बनाउन किन लगाइयो ? सोही कारण नेपालीको धनी पुर्जा भएको जग्गा र सार्वजनिक जग्गा, नदी किनार, जंगल के-कति क्षेत्रफल भारततर्फ पर्यो ? सोको विवरण तयार गर्ने,<br>- (च) सशस्त्र द्वन्द्व बेलाको माओवादी नेताहरूका अनुसार माओवादी अध्यक्षसँग भएको अर्बौं रुपैयाँले परिपुरण दिने । |
| ९५. | मा. श्री पूर्ण बहादुर घर्ति | ६ | - यस दफाको अन्त्यमा देहायको उपदफा (३) थप्नु पर्ने,-<br>"(३) आयोगमा परेका उजूरीहरुमध्ये गम्भीर मानव अधिकार उल्लंघनसँग सम्बन्धित घटनाका सन्दर्भमा आयोगले प्रारम्भिक छानविन गरी पहिचान गरेका प्रतिनिधिमूलक (EMBLEMAIIC) उजूरीहरुलाई मात्र विस्तृत छानविन गर्नु पर्ने आवश्यक देखिएमा उक्त उजूरी उपर छानविन गरी दोषी उपर कारबाहीका लागि सिफारिस गर्ने सकिनेछ ।" |
| ९६. | मा. श्री चित्र बहादुर के.सी. | ७ | - "मानव अधिकारको उल्लंघन" भन्ने शब्दहरुलाई हटाउनु पर्ने। |
| ९७. | मा. श्री चित्र बहादुर के.सी. | ९ | - उपदफा (१) मा रहेका "मानव अधिकारको उल्लंघन" भन्ने शब्दहरुलाई हटाउनु पर्ने ।<br>- उपदफा (२) हटाउनु पर्ने र मूल ऐनको दफा २२ को उपदफा (६) को व्यवस्था कायमै राख्नु पर्ने । |
| ९८. | मा. श्री प्रेम सुवाल | ९ | - मूल ऐनको दफा २२ (६) यथावत राख्नुपर्ने । |
| ९९. | मा. श्री महेश कुमार बर्तौला, | ९ | - उपदफा (१) मा रहेको "मेलमिलापको लागि" भन्ने शब्दहरुपछि "स्वयं उपस्थित भई वा आयोगले तोकेको प्रतिनिधिको रोहबरमा" भन्ने बाक्यांश थप गर्नु पर्ने । |

| | | | |
|---|---|---|---|
| | मा. श्री विद्या भट्टराई,<br>मा. श्री दामोदर बैरागी | | |
| १००. | मा. श्री रघुजी पन्त | १० | अन्त्यमा देहाय बमोजिमको खण्ड (घ) थप्नु पर्ने,-<br>"(घ) परिपूरणबाट कुनै पनि पक्षलाई वञ्चित गरिने छैन ।" |
| १०१. | मा. श्री प्रेम सुवाल | १० | मूल ऐनको दफा २२ पछि थप गरिएको दफा २२ (क) को १ मा घर विदामा जाँदा आउँदा बाटोमै अपहरणमा पारिएका, घर विदामा रहँदा वा कृया बसेकालाई हत्या गरिएका सुरक्षाकर्मी र निहत्था जनता परिवार र राज्य वा माओवादी पक्षबाट निहत्था व्यक्तिलाई मारिएको परिवारलाई न्याय र प्राथमिकतामा राखेर परिपुरण दिइनेछ । |
| १०२. | मा. श्री अशोक कुमार चौधरी | १० | उपदफा (१) पछि देहायको उपदफा (२) थप गरी त्यसपछिका उपदफाहरुको क्रम मिलाउनु पर्ने,-<br>"(२) क्षतिको एकिन वर्तमान अवस्थाका आधारमा मूल्याङ्कन गर्ने" |
| १०३. | मा. श्री राम प्रकाश चौधरी | १० | उपदफा (१) पछि देहायको उपदफा (२) थप गरी त्यसपछिका उपदफाहरुको क्रम मिलाउनु पर्ने,-<br>"(२) क्षतिको एकिन वर्तमान अवस्थाका आधारमा मूल्याङ्कन गर्ने" |
| १०४. | मा. श्री प्रदिप यादव | १० | उपदफा (१) पछि देहायको उपदफा (२) थप गरी त्यसपछिका उपदफाहरुको क्रम मिलाउनु पर्ने,-<br>"(२) क्षतिको एकिन वर्तमान अवस्थाका आधारमा मूल्याङ्कन गर्ने" |
| १०५. | मा. श्री रेखा यादव | १० | उपदफा (१) पछि देहायको उपदफा (२) थप गरी त्यसपछिका उपदफाहरुको क्रम मिलाउनु पर्ने,-<br>"(२) क्षतिको एकिन वर्तमान अवस्थाका आधारमा मूल्याङ्कन गर्ने" |
| १०६. | मा. श्री संजय कुमार गौतम,<br>मा. श्री राजेन्द्र कुमार के.सी. | १० | उपदफा (१) पछि देहायको उपदफा (२) थप गरी त्यसपछिका उपदफाहरुको क्रम मिलाउनु पर्ने,-<br>"(२) क्षतिको एकिन वर्तमान अवस्थाका आधारमा मूल्याङ्कन गर्ने" |

| | | | |
|---|---|---|---|
| १०७. | मा. श्री विनिता कुमारी सिंह | १० | उपदफा (१) पछि देहायको उपदफा (२) थप गरी त्यसपछिका उपदफाहरुको क्रम मिलाउनु पर्ने,-<br>"(२) क्षतिको एकिन वर्तमान अवस्थाका आधारमा मूल्याङ्कन गर्ने" |
| १०८. | मा. श्री भानुभक्त जोशी | १० | उपदफा (१) पछि देहायको उपदफा (२) थप गरी त्यसपछिका उपदफाहरुको क्रम मिलाउनु पर्ने,-<br>"(२) क्षतिको एकिन वर्तमान अवस्थाका आधारमा मूल्याङ्कन गर्ने" |
| १०९. | मा. श्री मैना कार्की | ११ | उपदफा (६) को अन्त्यमा देहायको व्यवस्था थप गर्नु पर्ने,-<br>"(९) यस दफा बमोजिम आयोगले परिपूरणको सिफारिस नगरिएको वा सिफारिस गरिएको परिपूरण न्यायोचित नभएको वा सिफारिस भए बमोजिमको परिपूरण प्रदान नगरिएको भनी कुनै पीडित वा निजको परिवारको सदस्यले विशेष अदालतमा निवेदन दिन सक्नेछ र विशेष अदालतले त्यस्तो निवेदन दर्ता भएको तिनमहिनाभित्र निवेदनउपर आवश्यक कारबाही गरी उपयुक्त आदेश वा निर्णय गर्नेछ ।" |
| ११०. | मा. श्री गोकुल प्रसाद बाँस्कोटा | ११ | उपदफा (६) को अन्त्यमा देहायको व्यवस्था थप गर्नु पर्ने,-<br>"(९) यस दफा बमोजिम आयोगले परिपूरणको सिफारिस नगरिएको वा सिफारिस गरिएको परिपूरण न्यायोचित नभएको वा सिफारिस भएबमोजिमको परिपूरण प्रदान नगरिएको भनि कुनै पीडित वा निजको परिवारको सदस्यले विशेष अदालतमा निवेदन दिन सक्नेछ र विशेष अदालतले त्यस्तो निवेदन दर्ता भएको तीन महिनाभित्र निवेदनउपर आवश्यक कारवाही गरी उपयुक्त आदेश तथा निर्णय गर्नेछ ।" |
| १११. | मा. श्री रघुजी पन्त | ११ | उपदफा (६) को अन्त्यमा देहायको व्यवस्था थप गर्नु पर्ने,-<br>"(९) यस दफा बमोजिम आयोगले परिपूरणको सिफारिस नगरिएको वा सिफारिस गरिएको परिपूरण न्यायोचित नभएको वा सिफारिस भएबमोजिमको परिपूरण प्रदान नगरिएको भनि कुनै पीडित वा निजको परिवारको सदस्यले विशेष अदालतमा निवेदन दिन सक्नेछ र विशेष अदालतले त्यस्तो निवेदन दर्ता भएको तीन महिनाभित्र निवेदनउपर आवश्यक कारवाही गरी उपयुक्त आदेश तथा निर्णय गर्नेछ ।" |

| | | | |
|---|---|---|---|
| ११२. | मा. श्री महेश कुमार बतौंला,<br>मा. श्री विद्या भट्टराई,<br>मा. श्री दामोदर बैरागी | ११ | उपदफा (६) को अन्त्यमा देहायको व्यवस्था थप गर्नु पर्ने,-<br>"(९) यस दफा बमोजिम आयोगले परिपूरणको लागि सिफारिस नगरेमा वात्यस्तो सिफारिस पर्याप्त र न्यायोचित नभएमा पीडित वा निजको परिवारको सदस्यले विशेष अदालतमा निवेदन दिन सक्नेछ र अदालतले निवेदन प्राप्त भएको तीन महिनाभित्र निवेदनउपर कारवाही गरी उपयुक्त आदेश दिन सक्नेछ ।" |
| ११३. | मा. श्री प्रेम सुवाल | ११ | - मूल ऐनको दफा २३ (६) पछि थपिएको (७) र (८) पछि -९) थप्ने<br>- (९) परिपुरणको सिफारिस गर्दा माओवादीका नेताहरूका अनुसार माओवादी अध्यक्षसँग रहेको सशस्त्र द्वन्द्वको अर्बौं रुपैयाँबाटै व्यहोर्न लगाइनेछ । |
| ११४. | मा. श्री गगन कुमार थापा | ११ | उपदफा (६) को सट्टा देहायको उपदफा (६) राख्नेः-<br>- मूल ऐनको दफा २३ को उपदफा (६) पछि देहायका उपदफा (७), (८) र (९) थप गरी उपदफाक्रम मिलाउने।<br>(७) यस दफा बमोजिम परिपुरणको व्यवस्था गर्दा विस्तृत शान्ति सम्झौता पश्चात् ल्याण्ड माइन, बारुदी सुरुंग, बम बिष्पोटमा परि पीडित भएका पीडितहरूको उपचार, औषधोपचार, राहात, क्षतिपूर्ति तथा परिपूरणको ब्यबस्था समेत गर्नुपर्नेछ।<br>(८) यस दफा परिपुरण उपलब्ध गराउँदा आयोगले पीडित समुदायको समेत परामर्शमा अल्पकालीनदेखि दीर्घकालिन विस्तृत पारिपूरण योजना तयार गरी, तीन तहको सरकार, द्वन्द्व पीडित समुदाय लगायतका सरोकारवालाहरुसँगको सहकार्यमा कार्यान्वयन गर्नेछ।<br>(९) यस दफा बमोजिम परिपूरण उपलब्ध गराउँदा पीडित तथा निजको परिवारको सदस्यको सम्मान, मर्यादा तथा संक्रमणकालीन न्यायको ढिलाई र मुद्रास्फितिको समायोजनलाई समेत मध्येनजर गरी तत्कालको हानी नोक्सानी भएको क्षतिको हालको प्रचलित मूल्यलाई आधार मानि गर्नेछ।" |
| ११५. | मा. श्री प्रेम सुवाल | १२ | - मूल ऐनमा थपिएको दफा २३ (क) (२) (ख) देहायवमोजिम राखेर क्रम मिलाउने । |

| | | | |
|---|---|---|---|
| | | | "२ (ख) माओवादीका तत्कालीन नेताहरूको भनाइअनुसार सशस्त्र द्वन्द्वको बेलाको माओवादी अध्यक्षसँग भएको अर्बौं रुपैया", |
| ११६. | मा. श्री महेश कुमार बतौंला,<br>मा. श्री विद्या भट्टराई,<br>मा. श्री दामोदर बैरागी | १२ | - थप्न प्रस्तावित दफा २३क को उपदफा (२) को खण्ड (ख) हटाई त्यस पछिका खण्डको खण्डक्रम मिलाउनु पर्ने । |
| ११७. | मा. श्री महेश कुमार बतौंला,<br>मा. श्री विद्या भट्टराई,<br>मा. श्री दामोदर बैरागी | १३ | - हटाउनु पर्ने । |
| ११८. | मा. श्री चित्र बहादुर के.सी. | १३ | - उपदफा (१) मा रहेको "मानव अधिकारको उल्लंघन" भन्ने शब्दहरुलाई हटाई मूल ऐन दफा २५ को उपदफा (१) को व्यवस्थालाई कायम राखु पर्ने ।<br>- उपदफा (३) मा रहेको "मानव अधिकारको उल्लंघन" भन्ने शब्दहरुलाई हटाउनु पर्ने । |
| ११९. | मा. श्री गोकुल प्रसाद बाँस्कोटा | १४ | - थप्न प्रस्ताव गरिएको दफा २५क.को खण्ड (ख) र (ग) को अन्त्यमा रहेका "आवश्यक राहत तथा सहयोग प्रदान गर्न" भन्ने शब्दहरुको सट्टा "उचित राहत, परिपूरण तथा सहयोग प्रदान गर्न ।" भन्ने शब्दहरु राखु पर्ने । |
| १२०. | मा. श्री रघुजी पन्त | १४ | - थप्न प्रस्ताव गरिएको दफा २५क.को खण्ड (ख) र (ग) को अन्त्यमा रहेका "आवश्यक राहत तथा सहयोग प्रदान गर्न" भन्ने शब्दहरुको सट्टा "उचित राहत, परिपूरण तथा सहयोग प्रदान गर्न ।" भन्ने शब्दहरु राखु पर्ने । |
| १२१. | मा. श्री भगवती चौधरी | १४ | मूल ऐनमा थप गर्न प्रस्ताव गरिएको दफा २५क. को,-<br>- शुरुको वाक्यमा रहेको "सिफारिस गर्न सक्नेछ" भन्ने शब्दहरुको सट्टा "सिफारिस गर्नेछ" भन्ने शब्दहरु राखु पर्ने ।<br>- खण्ड (ख) मा रहेका "वा निजका परिवारका सदस्यलाई" भन्ने शब्दहरु पछि |

| | | | |
|---|---|---|---|
| | | | "निजहरुले गरेको योगदानको कदर र सम्मानका लागि" भन्ने शब्दहरु थप गर्नु पर्ने ।<br>- खण्ड (ग) मा रहेका "घाइते तथा अपाङ्गता भएका व्यक्ति वा निजका परिवारका सदस्य" भन्ने शब्दहरुपछि "तथा बहिर्गमित लडाकु" भन्ने शब्दहरु राख्नु पर्ने । |
| १२२. | मा. श्री चित्र बहादुर के.सी. | १५ | - उपदफा (३) मा रहेको "मानवअधिकार उल्लंघन" भन्ने शब्दहरु हटाइ त्यसको सट्टा "अपराधमा संलग्न" भन्ने शब्दहरु राख्नु पर्ने।<br>- उपदफा (६) मा रहेको "मानवअधिकार उल्लंघन" भन्ने शब्दहरुको सट्टा "अपराधमा संलग्न" भन्ने शब्दहरु राख्नु पर्ने। |
| १२३. | मा. श्री प्रदिप पौडेल | १५ | - उपदफा (२) हटाउनु पर्ने । |
| १२४. | मा. श्री गोकुल प्रसाद बाँस्कोटा | १८ | - दफा १८ को सट्टा देहायको दफा १८ राख्नु पर्ने,-<br>"१८. **<u>मूल ऐनको दफा २९ मा संशोधन</u>**: मूल ऐनको दफा २९ को सट्टा देहायको दफा २९ राखिएको छः-<br>"२९. **<u>मुद्दा दायर गर्ने सम्बन्धी व्यवस्थाः</u>** (१) आयोगले मानवअधिकारको गम्भीर उल्लंघनको कार्यमा संलग्न देखिएका व्यक्तिउपर मुद्दा चलाउन घटना हुँदाको परिस्थिति, कारण, छानबिन प्रतिवेदन र प्रमाण सहित महान्यायाधिवक्ता समक्ष सिफारिस गर्नु पर्नेछ ।<br>(२) उपदफा (१) बमोजिमको सिफारिस गर्दा मुद्दा चलाउनु पर्ने व्यक्तिको सम्बन्धमा देहायको अवस्था विद्यमान भए सो समेत खुलाउन पर्नेछः-<br>(क) आयोगसमक्ष आफुलाई थाहा भएसम्मको सत्य तथ्य विवरण निजले प्रकट गरे नगरेको,<br>(ख) निज उपर लागेको आरोपको सम्बन्धमा निजले सत्य तथ्य व्यक्त गरी छानबिन र प्रमाण संकलनमा सहयोग गरे नगरेको,<br>(ग) त्यस्तो कार्यमा संलग्न भएकोमा पश्चाताप गरे नगरेको,<br>(घ) पीडितलाई परिपूरण प्रदान गरे नगरेको ।<br>(ङ) पीडितसंग क्षमायाचना गरे नगरेको, |

| | | | |
|---|---|---|---|
| | | | (च) भविष्यमा त्यस्तो किसिमको कार्य नगर्ने प्रतिज्ञा गरे नगरेको ।<br>(३) उपदफा (१) बमोजिमको सिफारिस प्राप्त भएमा महान्यायाधिवक्ता वा निजबाट अधिकारप्राप्त सरकारी वकीलले प्राप्त प्रमाणको आधारमा आयोगबाट सिफारिस प्राप्त भएको मितिले एक बर्षभित्र मुद्दा चलाउने वा नचलाउने सम्बन्धमा निर्णय गर्नेछ ।<br>(४) उपदफा (३) बमोजिम महान्यायाधिवक्ता वा सरकारी वकिलले मुद्दा चलाउने वा नचलाउने निर्णय गर्दा त्यसको आधार र कारण खुलाउन पर्नेछ ।<br>(५) थप अनुसन्धान गर्न वा अभियोगपत्र तयार गर्न उपदफा (१) मा तोकिएको समय अपर्याप्त भएमा वा मनासिव कारणको विद्यमानता भएमा अधिकारप्राप्त सरकारी वकिलले मनासिव समयभित्र थप अनुसन्धान गरी गराई अभियोगपत्र तयार गरी मुद्दा दर्ता गर्न बाधा पर्ने छैन ।<br>(६) उपदफा (३) बमोजिम मुद्दा चलाउने निर्णय भएमा महान्यायाधिवक्ता वा निजबाट अधिकारप्राप्त सरकारी वकिलले विशेष अदालतमा मुद्दा दायर गर्नु पर्नेछ ।<br>(७) यस दफा बमोजिम मुद्दा चलाउने निर्णय भएमा महान्यायाधिवक्ता वा निजबाट अधिकारप्राप्त सरकारी वकिलले उपदफा (२) बमोजिमको अवस्था विद्यमान भएको तथा घटना हुँदाको परिस्थिति, कारण तथा संक्रमणकालीन न्यायको सिद्धान्तलाई ध्यान दिई प्रचलित कानुन बमोजिमको सजायमा घटी हुने गरी माग दाबी लिन सक्नेछ ।<br>(८) यस दफा बमोजिम सार्वजनिक पद धारण गरेको व्यक्ति उपर मुद्दा दायर भएमा त्यस्तो मुद्दाको किनारा नभएसम्म निज पदबाट निलम्बन भएको मानिनेछ ।<br>(९) यस ऐनअन्तर्गत अभियोजनका लागि आवश्यक पर्ने थप फौजदारी अनुसन्धानको कारबाही सम्पन्न गर्न नेपाल सरकारले महान्यायाधिवक्ता कार्यालय मातहत रहनेगरी विशिष्टकृत अनुसन्धानकर्ता सम्मिलित विशेष अनसन्धान इकाईको |

| | | | |
|---|---|---|---|
| | | | स्थापना र सञ्चालनको आवश्यक प्रबन्ध गर्नेछ ।<br>(१०) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि गम्भीर मानवअधिकार उल्लंघनका घटनामा अभियोजन गर्न हदम्याद वा कानुनको पश्चातदर्शि प्रयोग विरुद्धको सिद्धन्त लागु हुने छैन । |
| १२५. | मा. श्री रघुजी पन्त | १८ | - दफा १८ को सट्टा देहायको दफा १८ राख्नु पर्ने,-<br>"१८. **<u>मूल ऐनको दफा २९ मा संशोधन</u>**ः मूल ऐनको दफा २९ को सट्टा देहायको दफा २९ राखिएको छः-<br>"२९. **<u>मुद्दा दायर गर्ने सम्बन्धी व्यवस्थाः</u>** (१) आयोगले मानवअधिकारको गम्भीर उल्लंघनको कार्यमा संलग्न देखिएका व्यक्तिउपर मुद्दा चलाउन घटना हुँदाको परिस्थिति, कारण, छानबिन प्रतिवेदन र प्रमाण सहित महान्यायाधिवक्ता समक्ष सिफारिस गर्नु पर्नेछ ।<br>(२) उपदफा (१) बमोजिमको सिफारिस गर्दा मुद्दा चलाउनु पर्ने व्यक्तिको सम्बन्धमा देहायको अवस्था विद्यमान भए सो समेत खुलाउन पर्नेछः-<br>(क) आयोगसमक्ष आफुलाई थाहा भएसम्मको सत्य तथ्य विवरण निजले प्रकट गरे नगरेको,<br>(ख) निज उपर लागेको आरोपको सम्बन्धमा निजले सत्य तथ्य व्यक्त गरी छानबिन र प्रमाण संकलनमा सहयोग गरे नगरेको,<br>(ग) त्यस्तो कार्यमा संलग्न भएकोमा पश्चाताप गरे नगरेको,<br>(घ) पीडितलाई परिपूरण प्रदान गरे नगरेको ।<br>(ङ) पीडितसंग क्षमायाचना गरे नगरेको,<br>(च) भविष्यमा त्यस्तो किसिमको कार्य नगर्ने प्रतिज्ञा गरे नगरेको ।<br>(३) उपदफा (१) बमोजिमको सिफारिस प्राप्त भएमा महान्यायाधिवक्ता वा निजबाट अधिकारप्राप्त सरकारी वकीलले प्राप्त प्रमाणको आधारमा आयोगबाट सिफारिस प्राप्त भएको मितिले एक बर्षभित्र मुद्दा चलाउने वा नचलाउने सम्बन्धमा |

| | | | |
|---|---|---|---|
| | | | निर्णय गर्नेछ ।<br>(४) उपदफा (३) बमोजिम महान्यायाधिवक्ता वा सरकारी वकिलले मुद्दा चलाउने वा नचलाउने निर्णय गर्दा त्यसको आधार र कारण खुलाउन पर्नेछ ।<br>(५) थप अनुसन्धान गर्न वा अभियोगपत्र तयार गर्न उपदफा (१) मा तोकिएको समय अपर्याप्त भएमा वा मनासिव कारणको विद्यमानता भएमा अधिकारप्राप्त सरकारी वकिलले मनासिव समयभित्र थप अनुसन्धान गरी गराई अभियोगपत्र तयार गरी मुद्दा दर्ता गर्न बाधा पर्ने छैन ।<br>(६) उपदफा (३) बमोजिम मुद्दा चलाउने निर्णय भएमा महान्यायाधिवक्ता वा निजबाट अधिकारप्राप्त सरकारी वकिलले विशेष अदालतमा मुद्दा दायर गर्नु पर्नेछ ।<br>(७) यस दफा बमोजिम मुद्दा चलाउने निर्णय भएमा महान्यायाधिवक्ता वा निजबाट अधिकारप्राप्त सरकारी वकिलले उपदफा (२) बमोजिमको अवस्था विद्यमान भएको तथा घटना हुँदाको परिस्थिति, कारण तथा संक्रमणकालीन न्यायको सिद्धान्तलाई ध्यान दिई प्रचलित कानुन बमोजिमको सजायमा घटी हुने गरी माग दाबी लिन सक्नेछ ।<br>(८) यस दफा बमोजिम सार्वजनिक पद धारण गरेको व्यक्ति उपर मुद्दा दायर भएमा त्यस्तो मुद्दाको किनारा नभएसम्म निज पदबाट निलम्बन भएको मानिनेछ ।<br>(९) यस ऐनअन्तर्गत अभियोजनका लागि आवश्यक पर्ने थप फौजदारी अनुसन्धानको कारबाही सम्पन्न गर्न नेपाल सरकारले महान्यायाधिवक्ता कार्यालय मातहत रहनेगरी विशिष्टकृत अनुसन्धानकर्ता सम्मिलित विशेष अनसन्धान इकाईको स्थापना र सञ्चालनको आवश्यक प्रबन्ध गर्नेछ ।<br>(१०) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि गम्भीर मानव अधिकार उल्लंघनका घटनामा अभियोजन गर्न हदम्याद वा कानूनको पश्चातदर्शि प्रयोगविरुद्धको सिद्धन्त लागु हुने छैन । |

| | | | |
|---|---|---|---|
| १२६. | मा. श्री गणेश पराजुली | १८ | - मूल ऐनको दफा २९ अन्तर्गत संशोधनको लागि प्रस्तावित सो दफाको उपदफा (३) मा रहेको "एक वर्षभित्र" भन्ने शब्दहरुको सट्टा "तीन महिनाभित्र" भन्ने शब्दहरु राख्नु पर्ने । |
| १२७. | मा. श्री मैना कार्की | १८ | - यस दफाको अन्त्यमा देहाय बमोजिमको व्यवस्था थप गर्नु पर्ने,- "(६) प्रचलित कानूनमा जुन सुकै कुरा लेखिएको भए तापनि गम्भिर मानव अधिकार उल्लंघनका घटनामा अभियोजन गर्न हदम्याद वा कानूनको पश्चातदर्शी प्रयोगविरुद्धको सिद्धान्त लागू हुने छैन ।"<br>- उपदफा (१) मा संशोधन गरी विशेष अदालतको क्षेत्राधिकारलाई सशस्त्र द्वन्द्वको क्रममा घटेका मानव अधिकारको गम्भीर उल्लंघनसँग सम्बन्धित मुद्दामा मात्र सिमिति नराखि ऐन अन्तर्गतका अन्य मुद्दाको पनि कारबाही र किनारा गर्ने गरी फराकिलो पार्नु पर्ने ।<br>- उपदफा (३) मा संशोधन गरी एक वर्षको समय अपर्याप्त भएमा मनासिव समयमा थप अनुसन्धान गरी गराई अभियोगपत्र तयार गरी मुद्दा दर्ता गर्न कुनै बाधा नपर्ने व्यवस्था राख्नु पर्ने । |
| १२८. | मा. श्री चित्र बहादुर के.सी. | १८ | - उपदफा (२) को खण्ड (छ) थप गरी सो खण्डमा "प्रमाण नष्ट गर्ने कार्यमा संलग्न भए नभएको" भन्ने वाक्यांश राख्नु पर्ने।<br>- उपदफा (२) को खण्ड (छ) पछि (ज) थप गरी उक्त खण्ड (ज) मा "मानव अधिकारको गम्भीर उल्लंघन भएको कार्यको विवरण" भन्ने वाक्यांश थप्नु पर्ने ।<br>- उपदफा (३) मा रहेको “आयोगबाट सिफारिस भएको मितिले एकवर्षभित्र मुद्दा चलाउने वा नचलाउने सम्बन्धमा आधार र कारण खुलाई निर्णय गर्नेछ” भन्ने वाक्य हटाई त्यसको सट्टामा “आयोगबाट सिफारिस भएको मितिले ३५ दिनभित्र महान्यायाधिवक्ताले मुद्दा चलाउनु पर्नेछ” भन्ने वाक्य राख्नु पर्ने<br>- उपदफा (४) हटाउनु पर्ने ।<br>- उपदफा (५) मा रहेको “प्रचलित कानुन बमोजिमको सजायमा घटी सजाय हुने माग |

| | | | |
|---|---|---|---|
| | | | दावी लिन सक्नेछ" भन्ने वाक्यलाई हटाई त्यसको सट्टा "कानुनले तोकेको न्यूनतम सजाय नघट्ने गरी घटी सजाय माग दावी लिन सक्नेछ" भन्ने वाक्य राख्नु पर्ने। |
| १२९. | मा. श्री ज्ञान बहादुर शाही | १८ | - दफा २९ को सट्टा थप्न प्रस्तावित दफा २९ को उपदफा (५) मा रहेको "सजायमा घटी" भन्ने शब्दहरु हटाउनु पर्ने । |
| १३०. | मा. श्री प्रेम सुवाल | १८ | - मूल ऐनको दफा २९ को सट्टा राखिएको २९ (१) मा "पर्नेछ" पछि "प्राप्त सिफारिसअनुसार महान्यायाधिवक्ताले एक हप्ताभित्र मुद्दा दर्ता गर्नुपर्ने छ" थप्नुपर्ने ।<br>- मूल ऐनको दफा २९ को सट्टा राखिएको दफा २९ (२), (३), (४), (५) हटाउनुपर्ने । |
| १३१. | मा. श्री महेश कुमार बर्तौला,<br>मा. श्री विद्या भट्टराई,<br>मा. श्री दामोदर बैरागी | १८ | - दफा १८ को सट्टा देहायको दफा १८ राख्नु पर्ने,-<br>"१८. **<u>मूल ऐनको दफा २९ मा संशोधन</u>**ः मूल ऐनको दफा २९ को सट्टा देहायको दफा २९ राखिएको छः-<br>"२९. **<u>मुद्दा दायर गर्ने सम्बन्धी व्यवस्थाः</u>** (१) आयोगले देहायको विषयमा मुद्दा दायर गर्न घटना हुँदाको परिस्थिति, कारण, छानबिन प्रतिवेदन र सङ्कलित प्रमाण सहित महान्यायाधिवक्ता समक्ष सिफारिस गर्नु पर्नेछः<br>(क) मानव अधिकारको गम्भीर उल्लंघन कार्यमा संलग्न देखिएका व्यक्तिउपर मुद्दा चलाउन,<br>(ख) मानव अधिकारको उल्लंघन कार्य भएकोमा यस ऐनको अन्य दफामा उल्लेख गरिए बमोजिम मेलमिलाप हुन नसकेमा ।<br>(२) उपदफा (१) बमोजिमको सिफारिस गर्दा मुद्दा चलाउनु पर्ने व्यक्तिको सम्बन्धमा देहायको अवस्था विद्यमान भए सो समेत खुलाउन पर्नेछः-<br>(क) आयोगसमक्ष आफुलाई थाहा भएसम्मको सत्य तथ्य विवरण निजले प्रकट गरे नगरेको,<br>(ख) निज उपर लागेको आरोपको सम्बन्धमा निजले सत्य तथ्य व्यक्त गरी छानबिन र प्रमाण संकलनमा सहयोग गरे नगरेको,<br>(ग) त्यस्तो कार्यमा संलग्न भएकोमा पश्चाताप गरे नगरेको, |

| | | | |
|---|---|---|---|
| | | | (घ) पीडितलाई परिपूरण प्रदान गरे नगरेको ।<br>(ङ) पीडितसंग क्षमायाचना गरे नगरेको,<br>(च) भविष्यमा त्यस्तो किसिमको कार्य नगर्ने प्रतिज्ञा गरे नगरेको ।<br>(३) उपदफा (१) बमोजिमको सिफारिस प्राप्त भएमा महान्यायाधिवक्ता वा निजबाट अधिकारप्राप्त सरकारी वकीलले प्राप्त प्रमाणको आधारमा आयोगबाट सिफारिस प्राप्त भएको मितिले तीन बर्षभित्र मुद्दा चलाउने वा नचलाउने सम्बन्धमा निर्णय गर्नेछ र यसरी मुद्दा चलाउने वा नचलाउने निर्णयको जानकारी पीडित वा निजको परिवारको सदस्य वा इच्छ्याइएको व्यक्तिले माग गरेमा निर्णय र सम्बन्धित समुच्चा फाइलको नक्कल महान्यायधिवक्ता वा निजबाट अधिकारप्राप्त अधिकारीले उपलब्ध गराउनु पर्नेछ ।<br>(४) उपदफा (३) बमोजिम महान्यायाधिवक्ता वा सरकारी वकिलले मुद्दा चलाउने वा नचलाउने निर्णय गर्दा त्यसको आधार र कारण खुलाउन पर्नेछ ।<br>(५) यस दफा बमोजिम मुद्दा चलाउने निर्णय भएमा महान्यायधिवक्ता वा निजबाट अधिकारप्राप्त सरकारी वकिलले उपदफा (२) बमोजिमको प्रश्नमा आयोगको काममा सहयोगी भएको, परिपुरण प्रदान गरेको वा पश्चाताप गरेको अवस्था विद्यमान भएमा तथा घटना हुँदाको परिस्थिति, कारण तथा संक्रमणकालीन न्यायको सिद्धान्तलाई ध्यान दिई प्रचलित कानून बमोजिमको हुने सजायमा दश प्रतिशतसम्म घटी सजाय हुने गरी माग दाबी दिन सक्नेछ ।<br>(६) उपदफा (३) बमोजिम मुद्दा चलाउने निर्णय भएमा महान्यायाधिवक्ता वा निजबाट अधिकारप्राप्त सरकारी वकिलले विशेष अदालतमा मुद्दा दायर गर्नु पर्नेछ ।<br>(७) उपदफा (३) बमोजिम मुद्दा चलाउने निर्णय भएमा सोव मितिले एकवर्षभित्र पीडित वा निजको परिवारको सदस्य वा निजले इच्छ्याएको व्यक्ते चाहेमा आफै विशेष अदालतमा मुद्दा दायर गर्न, सजायको मागदाबी गर्न वा परिपुरणको मागदाबी गर्न बाधा पर्ने छैन । |

| | | | |
|---|---|---|---|
| | | | (८) यस दफा बमोजिम सार्वजनिक पद धारण गरेको व्यक्ति उपर मुद्दा दायर भएमा त्यस्तो मुद्दाको किनारा नभएसम्म निज पदबाट निलम्बन भएको मानिनेछ । |
| १३२. | मा. श्री लक्ष्मी तिवारी | १८ | - मूल ऐनको दफा २९ को सट्टा थप्न प्रस्तावित दफा २९ को उपदफा (३) मा "उपदफा (१) बमोजिम महान्यायाधिवक्ता वा सरकारी वकिलले मुद्दा चलाउने वा नचलाउने निर्णय गर्दा त्यसको आधार र कारण खुलाउनु पर्नेछ ।" भन्ने व्यवस्था भएकोमा अनिवार्य मुद्दा चलाउनु पर्नेछ भनेर व्यवस्था गरिनु पर्दछ वा "नचलाउने" भन्ने शब्द हटाउनु पर्ने । |
| १३३. | मा. श्री भगवती चौधरी | १८ | मूल ऐनको दफा २९ को,-<br>- उपदफा (१) मा रहेका "आयोगले मानव अधिकारको गम्भीर ल्लङ्घनको कार्यमा संलग्न देखिएका व्यक्तिउपर" भन्ने शब्दहरुपछि "र यस ऐन बमोजिम मेलमिलाप वा क्षमादान हुन नसकेका मानव अधिकार उल्लङ्घनमा" भन्ने शब्दहरु राख्ने,<br>- उपदफा (४) पछि देहायको उपदफा (५) थपी त्यसपछिका उपदफाहरुको क्रम मिलाउनु पर्ने,-<br>"(५) मानव अधिकारको गम्भीर उल्लङ्घन तथा यस ऐन बमोजिम मेलमिलाप वा क्षमादान हुन नसकेका मानव अधिकारको उल्लङ्घनसँग सम्बन्धित मुद्दाको हदम्याद सम्बन्धमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि आयोगबाट मुद्दा चलउन सिफारिस प्राप्त भएको मितिले छ महिनाभित्र विशेष अदालतमा मुद्दा दायर गर्न बाधा पर्ने छैन ।" |
| १३४. | मा. श्री गगन कुमार थापा | १८ | <u>प्रस्तावित दफा २९ को उपदफा (३) पछि देहायको बाक्यांश थप गर्नु पर्ने</u>ः-<br>“तर थप अनुसन्धान गर्न वा अभियोगपत्र तयार गर्न यस उपदफामा तोकिएको समय अपर्याप्त भएमा वा मनासिव कारणको विद्यमानता भएमा अधिकार प्राप्त सरकारी वकिलले मनासिव समयभित्र थप अनुसन्धान गरी गराई अभियोगपत्र तयार गरी मुद्दा दर्ता गर्न बाधा पर्ने छैन ”। |
| १३५. | मा. अर्जुननरसिंह के.सी. | १८ | <u>प्रस्तावित दफा २९ को</u>,- |

| | | | |
|---|---|---|---|
| | | | - उपदफा ३ मा संशोधन गरी "मुद्दा चलाउने वा नचलाउने सम्बन्धमा आधार र कारण खुलाई निर्णय गर्नेछ ।" भन्ने शब्दहरुको सट्टा "चलाउनेछ ।" भन्ने शब्द राख्नु पर्ने ।<br>- उपदफा (५) मा उल्लेखित "प्रचलित कानून" भन्ने शब्द परिभाषित हुनु पर्ने । मुलुकी अपराध संहिता २०७४ भूतप्रभावित हुन सक्दैन । तसर्थ स्पष्टता जरुरी छ । यसैको यातना दिन नहुने धारा १६७ पुनर्परिभाषित हुनु पर्ने । |
| १३६. | मा. श्री मैना कार्की | १९ | - दफा २९घ. को उपदफा (१) मा रहेको "घटाई सजाय निर्धारण गर्नु पर्नेछ ।" भन्ने वाक्यांशको सट्टा "घटाई सजाय निर्धारण गर्न सक्नेछ ।" भन्ने वाक्यांश राख्नु पर्ने । |
| १३७. | मा. श्री चित्र बहादुर के.सी. | १९ | - मूल ऐनको दफा २९ पछि थप गर्न भनि लेखिएको दफा २९ (ख) मा रहेको मुद्दा सर्ने व्यवस्थालाई पुरै हटाउनु पर्ने।<br>- मूल ऐनको दफा २९ पछि २९ग. थप्ने भनि लेखिएको निवेदन दिन सक्ने व्यवस्थालाई पुरै हटाउनु पर्ने।<br>- २९घ. मा रहेको सजाय सम्बन्धी व्यवस्थामा, त्यस्तो घटना हुँदाको परिस्थिति तथा संक्रमणकालिन न्यायका सिद्धान्तलाई ध्यान दिइ सजाय घटाइ भन्ने शब्दहरुलाई हटाउनु पर्ने। साथै खण्ड (क) देखि (छ) सम्मको व्यवस्था हटाउनु पर्ने। |
| १३८. | मा. श्री गोकुल प्रसाद बाँस्कोटा | १९ | - दफा १९ द्वारा थप्न प्रस्ताव गरिएको दफा २९क. र २९ख. को सट्टा देहायको दफा २९क. र २९ख. राख्नु पर्नेः-<br>"२९क. **विशेष अदालतको गठनः** (१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी यस ऐनअन्तर्गतका कसुरसंग सम्बन्धित मुद्दाको कारवाही र किनारा गर्न न्याय परिषद्को सिफारिसमा तीन सदस्यीय एक विशेष अदालत गठन गर्नेछ ।"<br>(२) उपदफा (१) बमोजिम गठन भएको विशेष अदालतको अध्यक्ष र सदस्यमा प्रधान न्यायाधीशले न्याय परिषद्को सिफारिसमा उच्च अदालतका न्यायाधीशरु मध्येबाट तोक्नेछ ।" |

| | | | |
|---|---|---|---|
| | | | २९ख. मुद्दा सर्नेः (१) यो दफा प्रारम्भ हुँदाका बखत जिल्ला अदालत वा उच्च अदालतमा विचाराधिन रहेको सशस्त्र द्वन्द्वको क्रममा भएका मानवअधिकारको उल्लंघन तथा मानवअधिकारको गम्भीर उल्लंघनसँग सम्बन्धित मुद्दा, पुनरावेदन, निवेदन तथा प्रतिवेदन विशेष अदालतमा सार्न महान्यायाधिवक्ताले सम्बन्धित अदालतमा लेखी पठाउनेछ ।<br>(२) उपदफा (१) बमोजिम लेखी आएमा सम्बन्धित अदालतले त्यस्तो मुद्दा, पुनरावेदन, निवेदन तथा प्रतिवेदनसंग सम्बन्धित सम्पूर्ण मिसिल एककाईस दिनभित्र विशेष अदालतमा पठाउनु पर्नेछ ।<br>(३) उपदफा (२) बमोजिम जिल्ला तथा उच्च अदालतबाट सरी आएका मुद्दा सशस्त्र द्वन्द्वको क्रममा मानवअधिकारको उल्लंघन वा मानवअधिकारको गम्भीर उल्लंघनको घटनासंग सम्बन्धित नभएको भनी मुद्दाको कुनै पक्षले निवेदन दिएमा विशेष अदालतले त्यस्तो निवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र त्यस्तो निवेदनको टुंगो लगाउनु पर्नेछ ।<br>(४) उपदफा (३) बमोजिम विशेष अदालतमा सरी आएका मानवअधिकारको उल्लंघनका घटनासंग सम्बन्धित मुद्दाका पक्षहरूले मेलमिलाप गर्न सहमत छौं भन्ने उल्लेख गरी मेलमिलापका लागि निवेदन दिएमा अदालतले सक्कल मिसिल आयोगमा पठाउनु पर्नेछ ।<br>- थप्न प्रस्तावित दफा २९घ. को उपदफा (१) को अन्त्यमा रहेको "गर्नु पर्नेछ ।" भन्ने शब्दहरुको सट्टा "गर्न सक्नेछ ।" भन्ने शब्दहरु राखु पर्ने । साथै उपदफा (३) मा रहेको "कुनै अदालतबाट" भन्ने शब्दहरुको सट्टा "नियमित अदालतबाट" भन्ने शब्दहरु राखी सोही उपदफामा रहेको "विषयमा" भन्ने शब्दहरुको सट्टा "कसूरमा" भन्ने शब्दहरु राखु पर्ने ।<br>- दफा १९ द्वारा थप्न प्रस्ताव गरिएको दफा २९ङ. को सट्टा देहायको दफा २९ङ. राखु पर्नेः- |

| | | | | |
|---|---|---|---|---|
| | | | | "२९ङ. **पुनरावेदन दिन सक्ने**:- (१) विशेष अदालतको फैसला वा अन्तिम आदेशमा चित्त नबुझ्ने पक्षले त्यस्तो फैसला वा अन्तिम आदेश भएको थाहा पाएको मितिले सत्तरी दिनभित्र सर्वोच्च अदालतमा पुनरावेदन दिन सक्नेछ ।<br>(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिम परेको पुनरावेदन सुन्ने प्रयोजनको लागि प्रधानन्यायाधीशले न्यायपरिषद्को सिफारिसमा सर्वोच्च अदालतका तीन जना न्यायाधीश रहेको एक संक्रमणकालीन न्याय सम्बन्धी विशेष इजलास गठन गर्नेछ ।<br>(३) यस दफा बमोजिम पुनरावेदनको सुनुवाई गर्दा उपदफा (२) बमोजिमको संक्रमणकालीन न्याय सम्बन्धी विशेष इजलासले संक्रमणकालीन न्यायका मान्य सिद्धान्तलाई ध्यान दिनेछ ।" |
| १३९. | मा. श्री रघुजी पन्त | १९ | - | दफा १९ द्वारा थप्न प्रस्ताव गरिएको दफा २९क. र २९ख. को सट्टा देहायको दफा २९क. र २९ख. राख्नु पर्नेः-<br>"२९क. विशेष अदालतको गठनः (१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी यस ऐनअन्तर्गतका कसुरसंग सम्बन्धित मुद्दाको कारवाही र किनारा गर्न न्याय परिषद्को सिफारिसमा तीन सदस्यीय एक विशेष अदालत गठन गर्नेछ ।"<br>(२) उपदफा (१) बमोजिम गठन भएको विशेष अदालतको अध्यक्ष र सदस्यमा प्रधान न्यायाधीशले न्याय परिषद्को सिफारिसमा उच्च अदालतका न्यायाधीशरु मध्येबाट तोक्नेछ ।"<br>२९ख. मुद्दा सर्नेः (१) यो दफा प्रारम्भ हुँदाका बखत जिल्ला अदालत वा उच्च अदालतमा विचाराधिन रहेको सशस्त्र द्वन्द्वको क्रममा भएका मानवअधिकारको उल्लंघन तथा मानवअधिकारको गम्भीर उल्लंघनसँग सम्बन्धित मुद्दा, पुनरावेदन, निवेदन तथा प्रतिवेदन विशेष अदालतमा सार्न महान्यायाधिवक्ताले सम्बन्धित अदालतमा लेखी पठाउनेछ ।<br>(२) उपदफा (१) बमोजिम लेखी आएमा सम्बन्धित अदालतले त्यस्तो मुद्दा, |

| | | | |
|---|---|---|---|
| | | | पुनरावेदन, निवेदन तथा प्रतिवेदनसंग सम्बन्धित सम्पूर्ण मिसिल एककाईस दिनभित्र विशेष अदालतमा पठाउनु पर्नेछ ।<br>(३) उपदफा (२) बमोजिम जिल्ला तथा उच्च अदालतबाट सरी आएका मुद्दा सशस्त्र द्वन्द्वको क्रममा मानवअधिकारको उल्लंघन वा मानवअधिकारको गम्भीर उल्लंघनको घटनासंग सम्बन्धित नभएको भनी मुद्दाको कुनै पक्षले निवेदन दिएमा विशेष अदालतले त्यस्तो निवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र त्यस्तो निवेदनको टुंगो लगाउनु पर्नेछ ।<br>(४) उपदफा (३) बमोजिम विशेष अदालतमा सरी आएका मानवअधिकारको उल्लंघनका घटनासंग सम्बन्धित मुद्दाका पक्षहरूले मेलमिलाप गर्न सहमत छौं भन्ने उल्लेख गरी मेलमिलापका लागि निवेदन दिएमा अदालतले सक्कल मिसिल आयोगमा पठाउनु पर्नेछ ।<br>- थप्न प्रस्तावित दफा २९घ. को उपदफा (१) को अन्त्यमा रहेको "गर्नु पर्नेछ ।" भन्ने शब्दहरुको सट्टा "गर्न सक्नेछ ।" भन्ने शब्दहरु राख्नु पर्ने । साथै उपदफा (३) मा रहेको "कुनै अदालतबाट" भन्ने शब्दहरुको सट्टा "नियमित अदालतबाट" भन्ने शब्दहरु राखी सोही उपदफामा रहेको "विषयमा" भन्ने शब्दहरुको सट्टा "कसूरमा" भन्ने शब्दहरु राख्नु पर्ने ।<br>- दफा १९ द्वारा थप्न प्रस्ताव गरिएको दफा २९ङ. को सट्टा देहायको दफा २९ङ. राख्नु पर्नेः-<br>"२९ङ. **पुनरावेदन दिन सक्ने**ः- (१) विशेष अदालतको फैसला वा अन्तिम आदेशमा चित्त नबुझ्ने पक्षले त्यस्तो फैसला वा अन्तिम आदेश भएको थाहा पाएको मितिले सत्तरी दिनभित्र सर्वोच्च अदालतमा पुनरावेदन दिन सक्नेछ ।<br>(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिम परेको पुनरावेदन सुन्ने प्रयोजनको लागि प्रधानन्यायाधीशले न्यायपरिषद्को सिफारिसमा सर्वोच्च अदालतका तीन जना न्यायाधीश रहेको एक संक्रमणकालीन |

| | | | |
|---|---|---|---|
| | | | न्याय सम्बन्धी विशेष इजलास गठन गर्नेछ ।<br>- (३) यस दफा बमोजिम पुनरावेदनको सुनुवाई गर्दा उपदफा (२) बमोजिमको संक्रमणकालीन न्याय सम्बन्धी विशेष इजलासले संक्रमणकालीन न्यायका मान्य सिद्धान्तलाई ध्यान दिनेछ ।" |
| १४०. | मा. श्री ज्ञान बहादुर शाही | १९ | - थप्न प्रस्तावित दफा २९ख. को उपधारा (१) मा उल्लेख गरिएको "मुद्दा, पुनरावेदन, निवेदन तथा प्रतिवेदन विशेष अदालतमा सार्ने" भन्ने प्रावधान हटाई त्यस्ता मुद्दा अन्य अदालतमा सार्न नमिल्ने व्यवस्था राख्नु पर्ने ।<br>- थप्न प्रस्तावित दफा २९ग. को उपधारा (१) मा संशोधन गरी देहाय बमोजिमको व्यवस्था गर्नु पर्नेः-<br>"मानव अधिकारको उल्लंघन वा मानव अधिकारको गम्भीर उल्लंघन भएमा फौजदारी अपराधका घटनाहरुमा क्षमा याचना गर्नको लागि मौका उपलब्ध गराउन विशेष अदालतमा निवेदन दिन सक्ने छैन ।"<br>- देहायको व्यवस्था थप्नु पर्ने,-<br>"मानव अधिकारको उल्लंघन वा मानव अधिकारको गम्भीर उल्लंघन भएमा फौजदारी अपराधका घटनाहरुमा निवेदन दिन सक्ने छैन ।"<br>- दफा २९घ१. को अन्त्यमा रहेको "सजायमा घटाई सजाय निर्धारण गर्नु पर्नेछ ।" भन्ने शब्दहरुको सट्टा "सजाय हुनेछ ।" भन्ने बाक्यांश राख्नु पर्ने। |
| १४१. | मा. श्री दिपक सिंह | १९ | - थप्न प्रस्तावित दफा २९ख. को उपदफा (५) मा संशोधन गरी "मानव अधिकारका गम्भीर उल्लंघन वा मानव अधिकार उल्लंघनका फौजदारी प्रकृतिका अपराधका घटनाहरुमा पीडक र पीडितबीच मेलमिलाप र क्षमा गर्न नमिल्ने" व्यवस्था राख्नु पर्ने । |
| १४२. | मा. श्री राजेन्द्र प्रसाद पाण्डे | १९ | - थप्न प्रस्तावित दफा २९ङ. को उपदफा (२) मा रहेको "प्रधानन्यायाधीशले" भन्ने शब्दपछि "सर्वोच्च अदालतका न्यायाधीश रहेको एक संक्रमणकालीन न्याय सम्बन्धी इजलास गठन गर्नेछ ।" भन्ने बाक्यांश थप गरी सोही उपदफामा रहेको "विशेष" भन्ने शब्द हटाउनु पर्ने । |

| | | | |
|---|---|---|---|
| १४३. | मा. श्री अम्मर बहादुर थापा | १९ | - थप्न प्रस्तावित दफा २९ङ. को उपदफा (२) मा रहेको "प्रधानन्यायाधीशले" भन्ने शब्दपछि "सर्वोच्च अदालतका न्यायाधीश रहेको एक संक्रमणकालीन न्याय सम्बन्धी इजलास गठन गर्नेछ ।" भन्ने बाक्यांश थप गरी सोही उपदफामा रहेको "विशेष" भन्ने शब्द हटाउनु पर्ने । |
| १४४. | मा. श्री मेटमणी चौधरी,<br>मा. श्री भानुभक्त जोशी | १९ | - थप्न प्रस्तावित दफा २९ङ. को उपदफा (२) मा रहेको "प्रधानन्यायाधीशले" भन्ने शब्दपछि "सर्वोच्च अदालतका न्यायाधीश रहेको एक संक्रमणकालीन न्याय सम्बन्धी इजलास गठन गर्नेछ ।" भन्ने बाक्यांश थप गरी सोही उपदफामा रहेको "विशेष" भन्ने शब्द हटाउनु पर्ने । |
| १४५. | मा. श्री प्रकाश ज्वाला | १९ | - थप्न प्रस्तावित दफा २९ङ. को उपदफा (२) मा रहेको "प्रधानन्यायाधीशले" भन्ने शब्दपछि "सर्वोच्च अदालतका न्यायाधीश रहेको एक संक्रमणकालीन न्याय सम्बन्धी इजलास गठन गर्नेछ ।" भन्ने बाक्यांश थप गरी सोही उपदफामा रहेको "विशेष" भन्ने शब्द हटाउनु पर्ने । |
| १४६. | मा. श्री प्रेम सुवाल | १९ | - मूल ऐनको दफा २९ पछि थपिएको दफा २९ (क) मा “न्याय परिषदको सिफारिस” हटाउनु पर्ने ।<br>- मूल ऐनको दफा २९ पछि थपिएको दफा २९ (ङ) (२) मा “न्याय परिषदको परामर्शमा” हटाउनु पर्ने ।<br>- मूल ऐनको दफा २९ पछि थपिएको दफा २९ (घ) (१) मा “बमोजिमको सजायमा घटाई सजाय निर्धारण गर्नुपर्नेछ” को सट्टा “बमोजिम सजाय हुनेछ” राख्नु पर्ने । |
| १४७. | मा. श्री महेश कुमार बर्तौला,<br>मा. श्री विद्या भट्टराई,<br>मा. श्री दामोदर बैरागी | १९ | दफा १९ द्वारा थप्न प्रस्ताव गरिएको,<br>- दफा २९क. को सट्टा देहायको दफा २९क. राख्नु पर्नेः-<br>"२९क. **विशेष अदालतको गठनः** (१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी यस ऐनअन्तर्गतका कसुरसंग सम्बन्धित मुद्दाको कारवाही र किनारा गर्न विशेष अदालत गठन गर्नेछ ।"<br>(२) उपदफा (१) बमोजिम गठन भएको विशेष अदालतको अध्यक्ष र |

| | | | |
|---|---|---|---|
| | | | सदस्यहरुको नियुक्ति न्याय परिषद्को सिफारिसमा उच्च अदालतका न्यायाधीशहरु मध्येबाट प्रधानन्यायाधीशले गर्नेछ ।"<br>(३) विशेष अदालतमा कम्तिमा एक र आवश्यकताको आधारमा थप इजलासहरु तोक्न सकिनेछ ।<br>- दफा २९ख को उपदफा (१), (३) र (५) को सट्टा देहायको उपदफा (१), (३) र (५) राख्नु पर्ने,-<br>(१) यो दफा प्रारम्भ हुँदाका बखत जिल्ला अदालत वा उच्च अदालतमा विचाराधिन रहेको सशस्त्र द्वन्द्वको क्रममा भएका मानवअधिकारको उल्लंघन तथा मानवअधिकारको गम्भीर उल्लंघनसँग सम्बन्धित मुद्दा, पुनरावेदन तथा निवेदन तथा प्रतिवेदन विशेष अदालतमा सार्न मुद्दाको कुनै पक्षले निवेदन दिएमा आयोगले महान्यायाधिवक्ताको कार्यालय मार्फत् सम्बन्धित अदालतमा लेखी पठाउनेछ ।<br>(३) उपदफा (२) बमोजिमको सक्कल मिसिल प्राप्त भएमा विशेष अदालतले पन्ध्र दिनभित्र त्यस्तो मिसिल आयोगमा पठाउनेछ ।<br>(५) उपदफा (४ बमोजिम छानविन गर्दा मानव अधिकारको उल्लंघनको घटनामा यस ऐन बमोजिम पीडक र पीडितबिच मेलमिलाप भएमा सोही कुरा उल्लख गरी विशेष अदालतमा सक्कल मिसिल प्रतवेदनसहित पेश गर्नु पर्नेछ र मानव अधिकारको गम्भीर उल्लंघनसँग सम्बन्धित देखिएमा उक्त मुद्दाको अन्य प्रक्रिया अगाडी बढाउन विशेष अदालतमा मिसिल फिर्ता गर्नु पर्नछ । यसरी प्राप्त भएको मिसिलमा पहिला जिल्ला र उच्च अदालतले जुन अवस्थामा कारबाही पुगेको थियो सोही अवस्थाबाट बाँकी कारबाही शुरु गरी उक्त मुद्दाको अन्तिम किनारा हुनेछ ।"<br>- थप्न प्रस्तावित दफा २९घ. को उपदफा (१) मा रहेको "कानून बमोजिमको सजाय" भन्ने शब्दहरु पछि "उपदफा (२) को अवस्था विद्यमान भएमा मागदाबीमा थप दश प्रतिशत सजाय" भन्ने शब्दहरु थप्नु पर्ने । साथै उपदफा (३) पछि देहायको उपदफा (४) थप्नु पर्ने,- |

| | | | |
|---|---|---|---|
| | | | "(४) यस दफामा माथि जुन सुकै कुरा लेखिएको भए तापनि पिडीतले आफूलाई डर, त्रास वा करकापमा पारी मिलापत्र गर्न बाध्य बनाएको भनी उजूरी दिएमा वा त्यस सम्बन्धी कुनै कुराको अवस्था विद्यमान छ भनी अदालतमा उजूरी दिएमा अदालतले पीडकलाई दिने सजाय घटाउने छैन र पहिले घटाएको सजाय समेत नघटाउने गरी आदेश दिन सक्छ ।"<br>- थप्न प्रस्ताव गरिएको दफा २९ङ. को उपदफा (२) हटाई उपदफा (३) लाई उपदफा (२) कायम गरी सोको सट्टा देहायको उपदफा (२) राखु पर्ने,-<br>"(२) यस दफा बमोजिम पुनरावेदनको सुनुवाई गर्दा उपदफा (१) बमोजिम सङ्क्रमणकालीन न्याय सम्बन्धी विशेष इजलासले सङ्क्रमणकालीन न्यायका मान्य सिद्धान्तलाई ध्याद दिनेछ । अदालतले मुद्दाको सुनुवाई गर्दा अग्राधिकार दिई सुनुवाईको व्यवस्था गर्नेछ ।" |
| १४८. | मा. श्री गणेश पराजुली | १९ | मूल ऐनको दफा २९ पछि थप्न प्रस्तावित दफा २९क को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखु पर्ने,-<br>"(१) प्रचलित कानूनमा जुन सुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिम परेको पुनरावेदन सुन्ने प्रयोजनको लागि प्रधानन्यायाधीशले न्याय परिषद्को सिफारिसमा सर्वोच्च अदालतका तीन जना न्यायाधीश रहेको एक सङ्क्रमणकालीन न्याय सम्बन्धी विशेष इजलास गठन गर्नेछ ।" |
| १४९. | मा. श्री भगवती चौधरी | १९ | - मूल ऐनमा थप्न प्रस्तावित दफा २९क. को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखु पर्ने,-<br>"(१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी यस ऐन बमोजिम मेलमिलाप वा क्षमादान हुन नसकेका मानव अधिकार उल्लंघनका घटना र मानव अधिकारको गम्भीर उल्लंघनसँग सम्बन्धित मुद्दाको कारबाही र किनारा गर्न न्याय परिषदको परामर्श/सिफारिसमा कम्तिमा एक जना महिलासहित तीन जना सदस्य रहेको एक विशेष अदालत गठन गर्नेछ ।" |

| | | | |
|---|---|---|---|
| | | | - दफा २९ख.को उपदफा (३) मा रहेका "पठाउनु पर्नेछ" भन्ने शब्दहरुको सट्टा "पठाउन सक्नेछ" भन्ने शब्दहरु राखु पर्ने ।<br>- दफा २९ग. को उपदफा (१) मा रहेका "मानव अधिकारको उल्लङ्घन गरेकोमा" भन्ने शब्दहरुको सट्टा "विशेष अदालतमा विचाराधीन मुद्दामा मानव अधिकारको उल्लङ्घन वा मानव अधिकारको गम्भीर उल्लङ्घन गरेकोमा" भन्ने शब्दहरु राखु पर्ने ।<br>- दफा २९घ. को उपदफा (१) मा रहेका "घटाई सजाय निर्धारण गर्नु पर्नेछ" भन्ने शब्दहरुको सट्टा "घटी सजाय निर्धारण गर्न सक्नेछ" भन्ने शब्दहरु राखु पर्ने । |
| १५०. | मा. श्री अशोक कुमार चौधरी | १९ | - मूल ऐनमा थप्न प्रस्तावित दफा २९ङ. को उपदफा (२) मा रहेकमा "विशेष इजलास गठन गर्नेछ" भन्ने शब्दहरुको सट्टा "विशेष इजलास गठन गर्न सक्नेछ" भन्ने शब्दहरु राखु पर्ने । |
| १५१. | मा. श्री राम प्रकाश चौधरी | १९ | - मूल ऐनमा थप्न प्रस्तावित दफा २९ङ. को उपदफा (२) मा रहेकमा "विशेष इजलास गठन गर्नेछ" भन्ने शब्दहरुको सट्टा "विशेष इजलास गठन गर्न सक्नेछ" भन्ने शब्दहरु राखु पर्ने । |
| १५२. | मा. श्री प्रदिप यादव | १९ | - मूल ऐनमा थप्न प्रस्तावित दफा २९ङ. को उपदफा (२) मा रहेकमा "विशेष इजलास गठन गर्नेछ" भन्ने शब्दहरुको सट्टा "विशेष इजलास गठन गर्न सक्नेछ" भन्ने शब्दहरु राखु पर्ने । |
| १५३. | मा. श्री रेखा यादव | १९ | - मूल ऐनमा थप्न प्रस्तावित दफा २९ङ. को उपदफा (२) मा रहेकमा "विशेष इजलास गठन गर्नेछ" भन्ने शब्दहरुको सट्टा "विशेष इजलास गठन गर्न सक्नेछ" भन्ने शब्दहरु राखु पर्ने । |
| १५४. | मा. श्री संजय कुमार गौतम,<br>मा. श्री राजेन्द्र कुमार के.सी. | १९ | मूल ऐनमा थप्न प्रस्तावित दफा २९ङ. को उपदफा (२) मा रहेकमा "विशेष इजलास गठन गर्नेछ" भन्ने शब्दहरुको सट्टा "विशेष इजलास गठन गर्न सक्नेछ" भन्ने शब्दहरु राखु पर्ने । |
| १५५. | मा. श्री विनिता कुमारी सिंह | १९ | मूल ऐनमा थप्न प्रस्तावित दफा २९ङ. को उपदफा (२) मा रहेकमा "विशेष इजलास गठन गर्नेछ" भन्ने शब्दहरुको सट्टा "विशेष इजलास गठन गर्न सक्नेछ" |

| | | | |
|---|---|---|---|
| | | | भन्ने शब्दहरु राख्नु पर्ने । |
| १५६. | मा. श्री भानुभक्त जोशी | १९ | मूल ऐनमा थप्न प्रस्तावित दफा २९ङ. को उपदफा (२) मा रहेकमा "विशेष इजलास गठन गर्नेछ" भन्ने शब्दहरुको सट्टा "विशेष इजलास गठन गर्न सक्नेछ" भन्ने शब्दहरु राख्नु पर्ने । |
| १५७. | मा. श्री पूर्ण बहादुर घर्ति | १९ | मूल ऐनमा थप्न प्रस्तावित दफा २९ङ. को उपदफा (२) मा रहेकमा "विशेष इजलास गठन गर्नेछ" भन्ने शब्दहरुको सट्टा "विशेष इजलास गठन गर्न सक्नेछ" भन्ने शब्दहरु राख्नु पर्ने । |
| १५८. | मा. श्री गगन कुमार थापा | १९ | - मूल ऐनमा थप गर्न प्रस्ताव गरिएको दफा २९क. को उपदफा (१) मा रहेको “सशस्त्र द्वन्द्वको क्रममा घटेका मानव अधिकारको गम्भीर उल्लंघनसंग सम्बन्धित मुद्दा” को सट्टा “सशस्त्र द्वन्द्वको क्रममा घटेका मानव अधिकारको गम्भीर उल्लंघन तथा मानव अधिकारको उल्लंघनसंग सम्बन्धित मुद्दा” बनाउने।<br>- मूल ऐनमा थप गर्न प्रस्ताव गरिएको दफा २९घ. को उपदफा (१) मा रहेका "प्रचलित कानून बमोजिमको सजायमा घटाई सजाय निर्धारण गर्नु पर्नेछ" भन्ने शब्दहरुको सट्टा "प्रचलित कानून बमोजिमको सजायमा घटाई सजाय निर्धारण गर्न सक्नेछ" भन्ने शब्दहरु राख्ने ।<br>- मूल ऐनमा थप गर्न प्रस्ताव गरिएको दफा २९घ. को उपदफा (३) को सट्टा देहायको उपदफा (३) राख्नेः-<br>“(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि तत्काल प्रचलित नेपाल कानुन बमोजिम गठित नियमित अदालतबाट सशस्त्र द्वन्द्वसंग सम्बन्धित घटनामा मुद्दा दायर भई पहिला नै सजाय भई सकेको रहेछ भने त्यस्तो व्यक्ति उपर सोही कसुरमा यस ऐन बमोजिम मुद्दा दायर गरी सजाय गरिने छैन ।”<br>- मूल ऐनमा थप गर्न प्रस्ताव गरिएको दफा २९ङ. उपदफा (२) मा रहेको “विशेष इजलास गठन गर्नेछ” भन्ने शब्दहरूको सट्टा “विशेष इजलास गठन गर्न सक्नेछ”। भन्ने शव्दहरू राख्ने। |

| | | | |
|---|---|---|---|
| १५९. | मा. श्री प्रदिप पौडेल | १९ | <u>**थप्न प्रस्तावित दफा २९ङ. को**</u>,-<br>- उपदफा (१) को अन्त्यमा "सर्वोच्च दालतमा पुनरावेदन दिएको मुद्दालाई अग्राधिकार दिई फस्यौंट गर्ने व्यवस्था सर्वोच्च अदालतले मिलाउनेछ ।" भन्ने वाक्य थप्ने ।<br>- उपदफा (२) हटाउनु पर्ने ।<br>- उपदफा (३) को सट्टा देहायको उपदफा (३) राख्नु पर्ने,-<br>"(३) "सर्वोच्च अदालतले पुनरावेदनको सुनुवाई गर्दा संक्रमणकालीन न्यायका मान्य सिद्धान्तलाई ध्यान दिनेछ ।" |
| १६०. | मा. श्री भगवती चौधरी | - | - दफा १९ पछि देहायको दफा २० थपी त्यसपछिका दफाहरुको क्रम मिलाउनु पर्ने,-<br>"२०. **मूल ऐनमा दफा ३१क थप**:- मूल ऐनको दफा ३१ पछि देहायको दफा ३१क. थपिएको छः<br>३१क. <u>**आयोगमा विशेष इकाई रहने**</u>ः आयोगको काम कारबाहीलाई व्यवस्थित, विश्वसनीय र प्रभावकारी बनाउन आवश्यकतानुसार सत्यको खोजी, परिपूरण तथा अनुसन्धान इकाई लगायतका विशेष इकाई रहनेछन् ।" |
| १६१. | मा. श्री गगन कुमार थापा | - | <u>मूल ऐनको दफा ३१ पछि देहायको ३१क. थप गर्नेः</u>-<br>“३१क. <u>**आयोगमा विशेष इकाइ रहनेः**</u> (१) आयोगका काम कारबाहीलाई व्यवस्थित, विश्वसनीय र प्रभावकारी बनाउन आवश्यकता अनुसार सत्यको खोजी, परिपूरण तथा अनुसन्धान इकाइ लगायतका विशेष इकाइ रहनेछन्।<br>(२) आयोगको काम कारवाहीलाई प्रभावकारी बनाउन नेपाल सरकारले पर्याप्त स्रोत, साधन र जनशक्तिको सुनिश्चित गर्नेछ।<br>(३) आयोगमा कार्यरत कर्मचारीलाई सरुवा गर्दा आयोगको सहमति लिनुपर्नेछ।” |
| १६२. | मा. श्री गोकुल प्रसाद | २० | - दफा २० को सट्टा देहायको दफा २० राख्नु पर्ने,- |

| | | | |
|---|---|---|---|
| | बाँस्कोटा | | "मूल ऐनको दफा ३८ को सट्टा देहायको दफा ३८ राखिएको छः- "दफा ३८. <br>**<u>आयोगको कार्यावधिः</u>** (१) आयोगको कार्यावधि दुई बर्षको हुनेछ ।<br>(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो उपदफामा उल्लिखित अवधिभित्र आयोगबाट यस ऐन बमोजिम सम्पन्न हुनु पर्ने काम बाँकी रहन गएमा नेपाल सरकारले आयोगको कार्यावधि एक वर्षसम्मको लागि थप गर्न सक्नेछ ।" |
| १६३. | मा. श्री रघुजी पन्त | २० | - दफा २० को सट्टा देहायको दफा २० राख्नु पर्ने,-<br>"मूल ऐनको दफा ३८ को सट्टा देहायको दफा ३८ राखिएको छः- "दफा ३८. <br>**<u>आयोगको कार्यावधिः</u>** (१) आयोगको कार्यावधि तीन बर्षको हुनेछ ।<br>- (२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो उपदफामा उल्लिखित अवधिभित्र आयोगबाट यस ऐन बमोजिम सम्पन्न हुनु पर्ने काम बाँकी रहन गएमा नेपाल सरकारले आयोगको कार्यावधि दुई वर्षसम्मको लागि थप गर्न सक्नेछ ।" |
| १६४. | मा. श्री महेश कुमार बर्तौला,<br>मा. श्री विद्या भट्टराई,<br>मा. श्री दामोदर बैरागी | २० | - दफा २० को सट्टा देहायको दफा २० राख्नु पर्ने,-<br>"मूल ऐनको दफा ३८ को सट्टा देहायको दफा ३८ राखिएको छः- "दफा ३८. <br>**<u>आयोगको कार्यावधिः</u>** (१) आयोगको कार्यावधि यो दफा प्रारम्भ भएको मितिले दुई बर्षको हुनेछ र तोकिएको समयावधीभित्र काम सम्पन्न हुन नसकेमा नेपाल सरकारले एक वर्षसम्म थप गर्न सक्नेछ ।"<br>(२) उपदफा (१) बमोजिम थप भएको अवधिमा समेत आयोगले आफ्नो कार्य सम्पन्न गर्न नसकेमा आयोग स्वतः विघटन हुनेछ र आयोगको जिम्मामा रहेको सम्पूर्ण कागजातहरु, निर्णय गर्न बाँकी निवेदन तथा काम कारबाही महान्यायाधीवक्ताको कार्यालयमा हस्तान्तरण हुनेछ ।<br>(३) उपदफा (२) बमोजिमको अवस्था विद्यमान भएमा मानव अधिकारको उल्लंघन वा मानव अधिकारको गम्भीर उल्लंघनबाट पीडित व्यक्ति वा निजको परिवारको सदस्य वा सम्बन्धित संस्थाले सो विषयमा विशेष अदालतमा सोझै मुद्दा दायर गर्न बाधा पर्ने छैन । |

| | | | |
|---|---|---|---|
| | | | (४) प्रचलित कानून बमोजिम मुद्दा दायर गर्ने हदम्याद सकिएको रहेछ भने उपदफा (२) को अवस्था विद्यमान भएको एक वर्षभित्र मुद्दा दायर गरेमा हदम्यादभित्रै मुद्दा दायर भएको मानिनेछ ।<br>(५) उपदफा (३) बमोजिम मुद्दा दायर भएकोमा विशेष अदालतले महान्यायाधिवक्ता वा निजले तोकेको सरकारी वकिललाई आयोगबाट सरेको मिसिल तथा प्रमाणहरु अदातलमा पेश गर्न आदेश दिन सक्नेछ र यसरी मिसिल प्रमाण प्राप्त भएपछि सम्बन्धित पक्षलाई झिकाई प्रचलित कानून बमोजिम सजाय गर्न सक्नेछ ।" |
| १६५. | मा. श्री प्रेम सुवाल | २० | - मूल ऐनको दफा ३८ को सट्टा राखिएको दफा ३८ मा "हुनेछ" पछि "अब अप्रान्त कार्यवधि थप गर्ने वा थप्ने गरी नया" विधेयक ल्याइने छैन" थप्नुपर्ने । |
| १६६. | मा. श्री लक्ष्मी तिवारी | २० | "मूल ऐनको दफा ३८ को सट्टा राख्न प्रस्तावित दफा ३८ "**<u>आयोगको कार्यावधिः</u>** आयोगको कार्यावधि यो दफा प्रारम्भ भएको मितिले एक बर्षको हुनेछ" भन्ने शब्दमा आयोगको कार्यावधी यो दफा प्रारम्भ भएको मितिले बढीमा एकदेखि दुई वर्ष थप गर्न सकिनेछ भन्ने प्रावधान थप्नु पर्ने । |
| १६७. | मा. श्री अशोक कुमार चौधरी | २० | <u>देहायको बाक्य थप गर्नु पर्ने</u>,-<br>"आयोगले तोकिएको कार्यावधीभित्र कार्य सम्पन्न गर्न नसकेको खण्डमा नेपाल सरकारले कार्यावधी आयोगको सिफारिसमा दुई वर्ष थप्न सक्नेछ ।" |
| १६८. | मा. श्री राम प्रकाश चौधरी | २० | <u>देहायको बाक्य थप गर्नु पर्ने</u>,-<br>"आयोगले तोकिएको कार्यावधीभित्र कार्य सम्पन्न गर्न नसकेको खण्डमा नेपाल सरकारले कार्यावधी आयोगको सिफारिसमा दुई वर्ष थप्न सक्नेछ ।" |
| १६९. | मा. श्री प्रदिप यादव | २० | <u>देहायको बाक्य थप गर्नु पर्ने</u>,-<br>"आयोगले तोकिएको कार्यावधीभित्र कार्य सम्पन्न गर्न नसकेको खण्डमा नेपाल सरकारले कार्यावधी आयोगको सिफारिसमा दुई वर्ष थप्न सक्नेछ ।" |
| १७०. | मा. श्री रेखा यादव | २० | <u>देहायको बाक्य थप गर्नु पर्ने</u>,-<br>"आयोगले तोकिएको कार्यावधीभित्र कार्य सम्पन्न गर्न नसकेको खण्डमा नेपाल सरकारले |

| | | | |
|---|---|---|---|
| | | | कार्यावधी आयोगको सिफारिसमा दुई वर्ष थप्न सक्नेछ ।" |
| १७१. | मा. श्री संजय कुमार गौतम,<br>मा. श्री राजेन्द्र कुमार के.सी. | २० | देहायको बाक्य थप गर्नु पर्ने,-<br>"आयोगले तोकिएको कार्यावधीभित्र कार्य सम्पन्न गर्न नसकेको खण्डमा नेपाल सरकारले कार्यावधी आयोगको सिफारिसमा दुई वर्ष थप्न सक्नेछ ।" |
| १७२. | मा. श्री विनिता कुमारी सिंह | २० | देहायको बाक्य थप गर्नु पर्ने,-<br>"आयोगले तोकिएको कार्यावधीभित्र कार्य सम्पन्न गर्न नसकेको खण्डमा नेपाल सरकारले कार्यावधी आयोगको सिफारिसमा दुई वर्ष थप्न सक्नेछ ।" |
| १७३. | मा. श्री भानुभक्त जोशी | २० | देहायको बाक्य थप गर्नु पर्ने,-<br>"आयोगले तोकिएको कार्यावधीभित्र कार्य सम्पन्न गर्न नसकेको खण्डमा नेपाल सरकारले कार्यावधी आयोगको सिफारिसमा दुई वर्ष थप्न सक्नेछ ।" |
| १७४. | मा. श्री पूर्ण बहादुर घर्ति | २० | देहायको बाक्य थप गर्नु पर्ने,-<br>"आयोगले तोकिएको कार्यावधीभित्र कार्य सम्पन्न गर्न नसकेको खण्डमा नेपाल सरकारले कार्यावधी आयोगको सिफारिसमा दुई वर्ष थप्न सक्नेछ ।" |
| १७५. | मा. श्री गगन कुमार थापा | २० | मूल ऐनमा संशोधन गर्न प्रस्ताव गरिएको दफा ३८ को उपदफा (१) मा रहेको "आयोगको कार्यावधि आयोग गठन भएको मितिले दुई वर्षको हुनेछ ।" भन्ने शब्दहरू पछि " तर, आयोगले काम कारवाही गर्दा तोकिएको समय अपुग भएमा सरकारले थप दुई वर्षसम्मका लागि आयोगको कार्यावधि थप गर्न सक्नेछ" भन्ने शब्दहरू थप गर्नु पर्ने। |
| १७६. | मा. श्री प्रदिप पौडेल | २० | यस उपदफामा रहेको "दुई वर्षको" भन्ने शब्दहरुको सट्टा "तीन वर्षको" भन्ने शब्दहरु राख्नु पर्ने । |
| १७७. | मा. श्री चित्र बहादुर के.सी. | - | - मूल ऐनको दफा २६ को उपदफा (१) मा "यस ऐन बमोजिम छानविन गर्दा" भन्ने शब्दहरुपछि "मानव अधिकारको गम्भीर उल्लंघन बाहेकका" भन्ने शब्दहरु थप्नु पर्ने । |
| १७८. | मा. श्री अम्मर बहादुर थापा | - | - गम्भीर उल्लंघन शब्द हटाउनु पर्ने, |

| | | | |
|---|---|---|---|
| १७९. | मा. श्री अशोक कुमार चौधरी | - | - मूल ऐनको दफा ३१ पछि देहायको दफा ३१क. थप्नु पर्ने,-<br>"३१क. **<u>आयोगमा इकाई रहने</u>**ः आयोगको काम कारबाहीलाई व्यवस्थित, विश्वसनीय र प्रभावकारी बनाउन आवश्यकतानुसार सत्यको खोजी, परिपूरण तथा अनुसन्धान इकाई लगायतका विशेष इकाई रहनेछन् ।" |
| १८०. | मा. श्री राम प्रकाश चौधरी | - | - मूल ऐनको दफा ३१ पछि देहायको दफा ३१क. थप्नु पर्ने,-<br>"३१क. **<u>आयोगमा इकाई रहने</u>**ः आयोगको काम कारबाहीलाई व्यवस्थित, विश्वसनीय र प्रभावकारी बनाउन आवश्यकतानुसार सत्यको खोजी, परिपूरण तथा अनुसन्धान इकाई लगायतका विशेष इकाई रहनेछन् ।" |
| १८१. | मा. श्री प्रदिप यादव | - | - मूल ऐनको दफा ३१ पछि देहायको दफा ३१क. थप्नु पर्ने,-<br>"३१क. **<u>आयोगमा इकाई रहने</u>**ः आयोगको काम कारबाहीलाई व्यवस्थित, विश्वसनीय र प्रभावकारी बनाउन आवश्यकतानुसार सत्यको खोजी, परिपूरण तथा अनुसन्धान इकाई लगायतका विशेष इकाई रहनेछन् ।" |
| १८२. | मा. श्री रेखा यादव | - | - मूल ऐनको दफा ३१ पछि देहायको दफा ३१क. थप्नु पर्ने,-<br>"३१क. **<u>आयोगमा इकाई रहने</u>**ः आयोगको काम कारबाहीलाई व्यवस्थित, विश्वसनीय र प्रभावकारी बनाउन आवश्यकतानुसार सत्यको खोजी, परिपूरण तथा अनुसन्धान इकाई लगायतका विशेष इकाई रहनेछन् ।" |
| १८३. | मा. श्री संजय कुमार गौतम,<br>मा. श्री राजेन्द्र कुमार के.सी. | - | - मूल ऐनको दफा ३१ पछि देहायको दफा ३१क. थप्नु पर्ने,-<br>"३१क. **<u>आयोगमा इकाई रहने</u>**ः आयोगको काम कारबाहीलाई व्यवस्थित, विश्वसनीय र प्रभावकारी बनाउन आवश्यकतानुसार सत्यको खोजी, परिपूरण तथा अनुसन्धान इकाई लगायतका विशेष इकाई रहनेछन् ।" |
| १८४. | मा. श्री विनिता कुमारी सिंह | - | - मूल ऐनको दफा ३१ पछि देहायको दफा ३१क. थप्नु पर्ने,-<br>"३१क. **<u>आयोगमा इकाई रहने</u>**ः आयोगको काम कारबाहीलाई व्यवस्थित, विश्वसनीय र प्रभावकारी बनाउन आवश्यकतानुसार सत्यको खोजी, परिपूरण तथा अनुसन्धान इकाई लगायतका विशेष इकाई रहनेछन् ।" |

| | | | |
|---|---|---|---|
| १८५. | मा. श्री भानुभक्त जोशी | - | - मूल ऐनको दफा ३१ पछि देहायको दफा ३१क. थप्नु पर्ने,-<br>"३१क. **<u>आयोगमा इकाई रहने</u>**: आयोगको काम कारबाहीलाई व्यवस्थित, विश्वसनीय र प्रभावकारी बनाउन आवश्यकतानुसार सत्यको खोजी, परिपूरण तथा अनुसन्धान इकाई लगायतका विशेष इकाई रहनेछन् ।" |
| १८६. | मा. श्री पूर्ण बहादुर घर्ति | - | - मूल ऐनको दफा ३१ पछि देहायको दफा ३१क. थप्नु पर्ने,-<br>"३१क. **<u>आयोगमा इकाई रहने</u>**: आयोगको काम कारबाहीलाई व्यवस्थित, विश्वसनीय र प्रभावकारी बनाउन आवश्यकतानुसार सत्यको खोजी, परिपूरण तथा अनुसन्धान इकाई लगायतका विशेष इकाई रहनेछन् ।" |

**माननीय प्रेम सुवालले,-**

- "उद्देश्य र कारणको पहिलो हरफमा “आयोगबाट” पछि “विस्तृत शान्ति सम्झौताअनुसार ६ महिनाभित्र” थप्नुपर्ने ।
- उद्देश्य र कारणको पाँचौं हरफमा “प्राप्त” पछि “अधिकांश” थप्नुपर्ने ।
- आर्थिक टिप्पणीको चौथो हरफमा “आव २०७९/८० को बजेटबाट नेपाल सरकारले रु. एक अर्ब चालिस करोड थप रकम विनियोजन गरि सकेको” सट्टा “तत्कालीन माओवादी नेताहरूले खुलाएअनुसार माओवादी अध्यक्षसँग भएको सशस्त्र द्वन्द्वको बेलाको अर्बौं रुपैया“ सदुपयोग गर्ने” राख्नुपर्ने ।
- आर्थिक टिप्पणीको दशौं हरफमा “थप व्ययभारको विषयमा यकिन गर्न सक्ने” को सट्टा “थप व्ययभार पर्ने” राख्नुपर्ने ।" भनी उल्लेख गर्नु भएको ।

**<u>मा. श्री अर्जुननरसिंह के.सी.</u>** ले,-

"दफा २ मा कम्तिमा एक जना महिलापछि एक जना पीडित पक्ष रहने गरी" उल्लेख गर्नु भएको ।

क्र.स. १ देखि १८६ सम्मका संशोधनहरू छलफलका लागि स्वीकृत ।

.........................

**(देवराज घिमिरे)**

**सभामुख**